खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily


मलखाद्य उपलब्ध गराउन
पृष्ठ ३ मा


● वर्ष १ ● अंक ३४ ● २०७९ साल मंसिर २७ गते मंगलवार ● Tuesday 13, Dec. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# कानून विपरित गुठीले पोखरीको डिल भाडा लगाउँदै

## संरक्षणको सट्टा अतिक्रमण गराउन खोजेको भन्दै विरोध

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २६

धार्मिक नगर जनकपुरधाम भित्रका पोखरी मठ मन्दिरको जग्गा अतिक्रमणमुक्त गराउन आवाज उठिरहेको बेला संरक्षकको रुपमा रहेको गुठी संस्थाननै संस्थागत रुपमा अतिक्रमण गराउने काममा जुटेका छ। अतिक्रमणमा परेका पोखरीको डिल र त्यससँग जोडिएका जग्गा मुक्त गर्नुको सट्टा गुठी संस्थानले मोटो रकम लिई जनकपुरधाम-८ स्थित पापमोचनी सर पोखरीको डिलसँग जोडिएका जग्गा व्यवसायिक प्रयोजनका लागि नियम विपरित निर्माणाधीन एक होटललाई पार्किंगको लागि भाडामा दिन लागेको छ।



वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् अगाडि रहेको सो पोखरीको उत्तरतर्फको डिलमा रहेको सिट नं. १३५५–१७ को किता नं. ५८ को ७ धुर जग्गा गुठी संस्थानले ऐन विपरित ती संचालकको प्रभावमा परेर ३० वर्षको लिज (भाडा) मा दिन लागेको छ।

शुरुदेखि विवादित रहेको ती निर्माणाधीन होटलको पार्किंगका लागि ३० वर्षसम्मका लागि दिने गरी कात्तिक ३० टेण्डर नै आह्वान गरिएको छ। धार्मिक र ऐतिहासिकतासँग जोडिएका पोखरीको अस्तित्व मेटिने गरी व्यवसायिक प्रयोजनका लागि डिलको जग्गा भाडामा लगाउनु गलत अभ्यास भन्दै कडा विरोध हुन थालेको छ।

व्यवसायिक प्रयोजनका लागि पोखरीको डिलको - बाँकी पृष्ठ ६ मा

### गुठीले लिजमा लगाउँन पाउदैन : वृहत्तर

सरोकारवाला निकाय वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका अध्यक्ष शीतल साहले भन्छन 'कानूनतः ती पापमोचनी सर पोखरी मात्रै होइन कुनै पनि पोखरी डिल वा त्यससँग जोडिएका जग्गा गुठी संस्थानले व्यवसायिक प्रयोजनका लागि भाडामा लगाउन वा बेच्न पाउदैन।'

उनले भने 'पापमोचनी सर पोखरी गुठीभन्दा पनि हाम्रो आफ्नो अधिकार क्षेत्रभित्र पर्दछ। गुठीले वृहत्तरको संरक्षित क्षेत्रभित्र रहेका पापमोचनी सर पोखरी सहित १७ वटा मठ मन्दिर तथा पोखरी डिलको जग्गा वृहत्तरको इजाजत वा सहमति बेगर एकलौटी रुपमा भाडामा वा बेच्न पाउँदैन।'

साह भन्छन् - बाँकी पृष्ठ ६ मा

### गुठीले कसैसँग सोध्नु पर्दैन

गुठी संस्थान धनुषाका प्रमुख बैकुण्ठ रेग्मीले गुठीले आफ्नो जग्गा लिजमा लगाउन कसैंसँग सोध्नु पर्दैन भने। उनले भने हामीले कानून अनुसार नै लिजमा आफ्नो जग्गा लगाउन टेण्डर आह्वान गरेका छौं।

लिजको नाममा व्यवसायिक प्रयोजनका लागि पोखरीको डिलमा भाडामा लगाउन नपाउने व्यवस्था रहेको प्रसंगमा रेग्मीले हामीले सार्वजनिक हितकै लागि आउने प्रस्तावमा लिजमा दिनेछौं।

जहाँसम्म पोखरी अतिक्रमणको कुरा हो यसअघि त योग शिविरलाई दिएका नै थियो। त्यसको म्याद सकिएपछि पुनः टेण्डर गरिएको हो। वृहत्तरले सो पोखरी आफ् - बाँकी पृष्ठ ६ मा

### पोखरीको डिल भाडामा लगाउनु गलत

पापमोचनी सर पोखरी डिलको जग्गा भाडामा दिने गरी गुठी संस्थानले टेण्डर आह्वान गरेपछि धार्मिक र ऐतिहासिकतासँग जोडिएका संघ, संस्था र सांसदहरु समेत पोखरीको जग्गा भाडामा लगाउन पाउंदैन भन्दै विरोध जनाउन थालेका छन्।

धनुषा क्षेत्र नम्बर ३ (२) का नवनिर्वाचित प्रदेश सभा सदस्य दिपेन्द्र ठाकुरले पापमोचनी सर पोखरी डिलको जग्गा एउटा कुनै होटलको व्यवसायिक प्रयोजन पार्किंगका लागि भाडामा लगाउन नपाउंने बताए। ठाकुर भन्छन् 'कुनैपनि पोखरी वा मठ मन्दिरलाई अतिक्रमण मुक्त गराउनुको सट्टा संरक्षकका रुपमा रहेका गुठी - बाँकी पृष्ठ ६ मा

### शुरुदेखि नै होटल विवादित

जनकपुरधामका एक प्रतिष्ठित संचारमाध्यमका पदाधिकारीले सञ्चालन गर्न लागेको वृहत्तरको अगाडि र जानकी हेल्थकेयर हस्पीटलको पछाडि रसिक बिहारी तेली कुटीसँग जोडिएका रहेको निर्माणाधीन निर्माणको प्रारम्भदेखिनै विवादित छ। निर्माण शुरु गर्न लाग्दा बाटोका लागि तेली कुट्टीको पर्खाल भत्काउंदा विवाद मात्रै होइन कुटाकुट समेत ती सञ्चार माध्यमका पदाधिकारी पक्ष र वैश्य समुदायका पक्षबीच भएको थियो।

महिनौदेखि विवादका कारण बाटो रोकिएपछि जनकपुरधाम उपमहानगरपालिकाका निर्वतमान मेयर लालकिशोर - बाँकी पृष्ठ ६ मा

# खानाको गाँससंगै धुलो खान बाध्य

## हुलाकी सडक आसपासका नागरीक



घनश्याम बलम्पाकी,
सर्लाही, मंसिर २६

हुलाकी सडक आसपासका नागरीक खानाको गाँससंगै धुलो खान विवस भएका छन्। पूर्वमा महोत्तरी तथा पश्चिममा रौतहटस्थित हुलाकी सडक कालोपत्र भइसक्दा पनि सर्लाहीमा पर्ने करिव ४१ किलोमिटर हुलाकी सडक निर्माण नहुँदा सडक आसपासका नागरीक धुलो खान बाध्य भएका हुन्। हुलाकी सडकको अधिकांश भागको अवस्था निकै दयनीय नै छ।

ठेकेदार कम्पनीलाइ बाटो निर्माणमा दबाब दिनका लागि स्थानियले पटक पटक सडक अबरोध गर्दै आइरहेका छन्। सोमवार पनि मलंगवा-२ कृष्णचोकमा स्थानियले टायरबालेर सडक अबरोध गरेका थिए। सोमवारको सडक अबरोध पहिलो पटक नभएर यो चौथो पटक हो। शुक्रवार पनि बबरगंज भेल्हीमा स्थानिय युवाहरुले बाटो अबरोध गरेका थिए। यस अघि हालै सम्पन्न प्रतिनिधि र प्रदेश सभा सदस्य चुनावको केही दिन अघि कौडेनाका स्थानियले नो रोड नो भोटको नारा लगाउँदै हुलाकी सडक अवरुद्ध पारेका थिए। केही दिन अघि मात्र कौडेनाको मुसैलीमा स्थानियले तुरुन्त सडक निर्माणको काम अघि बढाउन माग गर्दै चक्का जामनै गरेका थिए।

आन्दोलन मत्थर पार्नका लागि ठेकेदार कम्पनीले आन्दोलन हुने स्थानमा काम अघि बढाइरहेका छन्। बाँकी सडक अझैपनि कालोपत्रको पर्खाईमा छ। ठेकेदारले ठेक्का पाएको अवधिमा समय गुजार्न वाहेक केही काम नै नगरेको स्थानीयको दुखेसो छ।

सडक आसपासका नागरीकामा धुलोका कारण हुने समस्याहरु देखा पर्न थालेका छन्। उहीहरुमा धुलो कै कारण स्वासप्रस्वास,निमुनियाको समस्या बढ्न थालेको प्रादेशिक अस्पताल मलंगवाले जनाएको छ।
- बाँकी पृष्ठ ६ मा

## सरकारले ढिलोगरी तोक्यो धानको सर्मथन मुल्य

# किसानलाई मर्का, व्यापारीलाई फाईदा

शारदा पोखरेल
बारा, मंसिर २६ गते

जितपुरसीमरा वडा नं २० का कासिराम आचार्यले यसपटक प्रति क्युटल २ हजार ५ सयमा व्यापारीलाई धान बिक्री गरेका छन्। कात्तिकको पहिलो साता धान भित्राएका आचार्यले सरकारले तोकेको धानको सर्मथन मुल्य कुर्दाकुर्दै सस्तो मुल्यमा धान बिक्री गर्न बाध्य भएका हुन्। 'तराईमा अशोजको दोस्रो सातादेखि किसानले धान भित्राउन थाल्छन्,सरकारले अशोजको दिन छदै धानको भाउ तोक्नुपर्छ, यति ढिलो धानको मुल्य तोक्दा हामी जस्ता किसानलाई केही फाईदा छैन' आचार्यले भने 'धान रोप्दादेखि भित्राउँदा सम्मको हिसाव जोड्ने हो भने धान खेतीबाट धेरै घाटा छ, १५ रुपयाँ युनिटमा पानी लगाउ, ब्ल्याकमा ४ हजार बोराको मल किनेर हाल, ट्याक्टरको खर्च खेतालाको हिसाब जोड्दा आफ्नो खेतको भात खान पाईएको छ भन्ने मात्रै हो।'

> "१७ सय घन्टाको ट्याक्टर जोताई, ज्याला, मल, बिउ हिसाब गर्दा धान खेतीबाट फाईदा छैन्।

सरकारले यसपटक मंसिर १८ गतेदेखि मात्रै बारामा धानको सर्मथन मुल्य कार्यन्वयनमा ल्याएको छ। उचित मुल्यमा धान बिक्री गर्ने आश गरेका कृषकहरुले सर्मथन मुल्य कार्यन्वयनमा ढिलो भएपछि व्यापारीलाई धान बिक्री गरिसकेका छन्।

'सरकारले किसानको गोदामबाट धान बिक्री भईसकेपछि मात्रै मुल्य तोक्छ, अहिले किसानको खेतमा मकै रोपेर ठुला-ठुला भईसक्यो बाँकी पृष्ठ ६ मा

## हार्दिक आभार

मध्यतराई को पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले मंगलबार (मंसिर २७ गते) बाट आफ्नो प्रसारणको २० वर्ष पुरा गरी गौरवमय रुपमा २१ औं वर्षमा प्रवेश गरेको छ। यस अवसरमा रेडियोका समस्त श्रोता, विज्ञापनदाता, शुभचिन्तक, शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**ध्रुव साह**
कार्यकारी अध्यक्ष
रेडियो वीरगंज ९९ मेगाहर्ज





इन्टरनेट प्रदायक कम्पनीसँगको सहकार्यमा ठमेल पर्यटन विकास परिषद्ले राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेललाई सफा र व्यवस्थित बनाउनका लागि जथाभावी छरिएर रहेका इन्टरनेटका तार काट्न सुरु गर्दै । *तस्बिरः अच्युत रेग्मी/रासस*


# अव्यवस्थित तारका कारण जोखिम बढ्दो

मुकेश कुमार साह
रौतहट, मंसिर २६ ।

चन्द्रपुर नगरपालिकाभित्र गाडिएका विधुतीय पोलहरुमा तारको थुप्रो झुण्डिएको देख्न सकिन्छ । विभिन्न सेवाप्रदायक संस्थाले विद्युतको पोल प्रयोग गरी झुण्डयाएका अव्यवस्थित तार जोखिमयुक्त छन तर पनि यसमा कसैको ध्यान जान सकेको छैन ।

नेपाल विद्युत प्राधिकरण शाखा चन्द्रनिगाहपुरले विद्युत सेवा विस्तार गर्न गाडेका पोलहरु प्रयोग गरी विभिन्न सेवा प्रदायक संस्थाले स्थानीयलाई सञ्चार एवं मनोरञ्जन सेवा प्रदान गर्न भनी झुण्डयाएका अव्यवस्थित तार जोखिमपूर्ण भएकाले व्यवस्थित गर्न स्थानीयले माग गरेका छन् । बिजुलीका पोलमा टेलिफोन, इन्टरनेट र बिजुलीका तारको भार छ । एकै ठाउँमा झुण्डयाउदा सबै खाले तार बटारिएका छन् । अव्यवस्थित रूपमा यत्रतत्र झुन्डिएका तारले चन्द्रपुरको सुन्दरता समेत हराउदै गएको उनीहरुको गुनासो छ ।

चन्द्रपुर नगरपालिका ४ स्थित चोकमा रहेको विजुलीको पोलमा झण्डै आधादर्जन भन्दा बढी सेवाप्रदायक संस्थाले नेट, इन्टरनेट, एवं नेटवर्क टिभी केवलका तार झुण्डयाएका छन् । पोलमै राखेका 'इन्टरनेट सप्लाई बक्स र जताततै झुण्डिएका तारले विद्युत सर्ट भई आगजनीहुने जोखिम उच्च रहेको छ । अव्यवस्थित ढंगले टागेका तारको कारण तारमा विद्युत सट भईरहने स्थानियहरुको दुखेसो रहेको छ । नेपाल बिधुत प्रधिकरणले ध्यान नदिदा वडा अध्यक्षका प्रत्यासी डिम कुमार दुलालले माग गरेका छन ।



बजार क्षेत्रमा तारहरु यत्रतत्र छरिएका छन । नगरपालिका, बिधुतप्राधिकरण ले तार व्यवस्थित गर्नुपर्ने चन्द्रपुर ४ का

सोही पोलको तार भुईंमै लत्रिएकोले रातीको समयमा पैदल, मोटरसाइकल तथा साइकल यात्री दुर्घटना पर्न सक्ने सम्भावना अधिक रहेको दुलालले बताए । सम्बन्धित सेवाप्रदायक संस्थाहरुलाई पोलमा लत्रिएको तार र त्यसबाट हुन सक्ने दुर्घटनाको बारेमा पटक/पटक जानकारी गराउदा समेत वास्ता नगरेको उनको गुनासो छ ।

सडकमा टाँगिएका होचा तार ठूला मालवाहक सवारीसाधनले चुँडाल्ने र बिगार्ने हुँदा लाइन सट हुने जोखिम उत्तिकै रहेको स्थानीय उदय रिजालको भनाई छ । स्थानीय तह र बिधुत प्राधिकरणलाई यस बिषयमा गम्भीर हुन उनले आग्रह गरे ।

# भाडा निर्धारण नगर्दा यात्रुहरु ठगिदैँ

विकास अग्रवाल
रौतहट, २६ मंसिर ।

भाडा निर्धारण नहुँदा नगर क्षेत्रमा सञ्चालनमा रहेका इ रिक्शाबाट सर्वसाधारणहरु दिनहुँ ठगिदै आएका छन् । गौर नगरपालिकाले नगर क्षेत्र भित्र सञ्चालित इ रिक्शाको भाडा निर्धारण गर्न नसक्दा चालकहरुले मनपरी रकम असुल्न थालेपछि यात्रुहरु ठगिदै आएका हुन् ।



नगरक्षेत्रमा करिब दुई सयको हाराहारीमा सञ्चालनमा रहेको डाँफे, इ रिक्शा, टेम्पो लगायतको सवारीसाधनको दुरीको हिसाबले नगरपालिकाले भाडा कायम गर्न नसक्दा चालकहरुले मनोपोली रुपले यात्रुबाट भाडा असुल्दै आएको गुनासो स्थानीय बासिन्दाहरुको रहेको छ । लामो तथा छोटो दुरीको हिसाबले भाडा कायम हुनुपर्नेमा चालकहरुले नगरक्षेत्र भित्र एउटै भाडा लिदै आएको गुनासो गौरका आर्दश जयसवालले गरे । बसपार्क देखि भन्सारसम्म जादा होस् वा नेपाल लजसम्म चालकहरुले एउटै भाडा लिन्छन् उनको भनाई रहेको छ ।

इ रिक्शा चालकहरुले समय अनुसार पनि चर्को भाडा बढाउने गरेको पाईएको छ । एकाबिहानै होस वा अबेर साझ चालकहरुले मनपरी हिसाबले भाडा असुल्दै आएको गुनासो सर्वसाधारणहरुको रहेको छ । काठमाण्डौबाट छुट्ने नाइट बसहरु एकाबिहानै गौर आईपुग्दा चालकहरुले गौर भन्सारसम्म पुरयाउँदा प्रति व्यक्ति ५० रुपैया लिने गरेको अर्का स्थानीय रमेश साहले बताए । पछिल्लो पटक निर्वाचित गौर नगरपालिकाकाका स्थानीय जनप्रतिनिधीहरुले समेत दिनहुँ सर्वसाधारण ठगिदै आएको विषयमा समेत कुनै चासो नदेखाएको गुनासो नगरबासीहरुको रहेको छ । विभिन्न क्षेत्रमा नगरबासीका लागि काम गर्दे आएको नगरपालिकाले इ रिक्शाबाट ठगिदै आएको गुनासो बढदै गएपनि कारबाही तर्फ सम्वन्धित निकाय मौन देखिएको छ । अदालतको काम विशेषले बिहान चन्द्रपुर नगरपालिकाबाट यात्रुवाहक बस चढेर बसपार्क ओर्लेका रमेश कार्कीले इ रिक्शा प्रयोग गर्दा २५ रुपैया तिरे दिउँसो फर्किने क्रममा २० रुपैयामै बसपार्कसम्म लगियो । यो क्रममा आफुले पाँच रुपैया ठगिएको महशुस गर्दे उनले चालकलाई यो कुरा सुनाएपछि नगरमा कुनै भाडा निर्धारण नभएको सुनाए । समान्य कुरामा कसैको चासो अथवा ध्यान केन्द्रित हुन नसकेपनि स्थानीय बासिन्दाहरुले निर्वाचित जनप्रतिनिधीलाई लक्षित गर्दे कडा आलोचना गर्दे आएका छन् । दैनिक रुपमा ओहोरदोहोर गर्ने व्यक्ति मुल्य निर्धारत हुँदा दैनिक ५० रुपैयासम्म बचत गर्ने स्थानीय जितेन्द्र यादव बताउँछन् । दैनिक रुपमा नेपाल लजबाट पाँच पटकसम्म बसपार्क जाँदा चालकहरुले कहिल्यै २० देखि ३० रुपैयासम्म लिने गरेको उनले जानकारी दिए ।

इ रिक्शाहरुको मनोपरी मुल्यका कारण नगरपालिकाले समयमै नगर क्षेत्रभित्र सञ्चालनमा रहेका इ रिक्शाहरुको रेकर्ड खडा गरी मुल्य निर्धारण गरेर नगरको विभिन्न स्थानमा सुचना राख्दा सर्वसाधारण यात्रुहरु ठगिनबाट जोगिने विश्वास नगरबासीहरुको रहेको छ । के कारणले नगरपालिकाले भाडा निर्धारण गरेको छैन भन्दै आशंकाको रुपमा समेत देखिन थालेको अर्का स्थानीय बासिन्दा निरज यादवले बताए ।

यता गत साता सञ्चालनमा भारतीय नम्बर प्लेटको टेम्पोले समेत चर्को भाडा असुल्दै आएको पाईएको छ । विगत अढाई वर्ष देखि बन्द रहेको भारतीय नम्बर प्लेटको टेम्पो हालै सीमावर्ती भारत नेपालका लागि सञ्चालनमा आएको छ । यी टेम्पोले पहिला भारत नेपाल ओहोर दोहोर गर्दा १५ रुपैया भाडा लिदै आएपनि अहिले बढाएर दोब्बर पारेका छन् । भाडा निर्धारण नहुँदा नेपाली तथा भारतीय नम्बर प्लेटका टेम्पो दुवैले सर्वसाधारणहरुसँग जबरजस्ती भाडा असुल्दै आएको गुनासो बढेको छ ।

इ रिक्शाको भाडा निर्धारण भए नभएको सम्बनधमा गौर नगरपालिकाका निमित्त प्रशासकिय अधिकृत सुभाष ठाकुरसँग सम्पर्क गर्दा उनले हालसम्म भाडा निर्धारण नभएको जिकिर गरे । नगरक्षेत्र भित्र सञ्चालनमा रहेको यात्रुवाहक टेम्पोको संख्या समेत रेकर्ड नभएको उनले जानकारी दिए । दैनिक रुपमा गुड्ने भाडाका इ रिक्शा भन्दा पनि भाडा दर कायम हुनुपरयो त्यो आउँदो दिनमा कायम गरी नगरको विभिन्न सार्वजनिक स्थानमा टाँस गर्ने समेत उनले जानकारी दिए । सदरमुकाम गौरबाट नगर क्षेत्र लगायत आसपासका क्षेत्रमा आवतजावत गर्न इ रिक्शाको प्रयोग हुँदै आएको छ । गौरबाट राजदेवी, हजनिनिया, गंगापिपरा, राजपुर, लगायत गरुडासम्म इ रिक्शा जाने गरेको छ ।

# सडक नाटकः छोरीलाई सक्षम बनाऔं



मधेशदृष्टि
सिरहा, २६ मंसिर ।

छोरीलाई सक्षम बनाउन सके दहेज र महिला हिंसामा कमि आउने गोलबजार नगरपालिकाका उप-मेयर मानती साहले बताएकी छन् । दलित महिला केन्द्र, नेपालद्वारा ७४ औं अन्तराष्ट्रिय मानवअधिकार दिवसको अवसरमा गोलबजारमा र्‍याली पछिको कोणसभामा मधेशमा दहेजको समस्या विकराल बन्दै गएको जनाउँदै न्यूनिकरणको लागि छोरीलाई शिक्षित बनाउन जरुरी रहेको बताए । समाजमा भएको आर्थिक तथा सामाजिक विकाससँगै दहेज प्रथापनि बढ्दै गएको उपमेयर साहले बताए । दहेज न्यूनिकरण गर्ने हो भने हामीले छोरीलाई शिक्षित, सक्षम तथा आर्थिक उन्नति गर्नसक्ने बाटोमा लगाउनुपर्ने बताए । उनले भने, 'जसले जे भनेपनि दहेजप्रथा न्यूनिकरणको लागि छोरिलाई नै सक्षम बनाउनु पर्छ ।'

सोही क्रममा कर्जन्हा नगरपालिकाका पूर्व उपप्रमुख ज्ञानु कुमारी श्रेष्ठले छोरीहरुलाई उचित शिक्षा र हरेक क्षेत्रमा सामानुपातिक पहुँचले दहेज प्रथालाई कमगर्न सकिने बताए । उनले छोरीहरु आफै आर्थिक उपार्जन गर्ने ठाउँमा नपुगेसम्म दहेज प्रथामा कमि नआउने बताए । गोलबजारको गुम्वाचोकबाट निस्केको र्‍यालिमा 'घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौ', समान 'व्यहार शान्तिको आधार', 'हामी सवै एक हौं, महिला हिंसा अन्त्य गरौं', लैगिक समानता, अहिलेको आवश्यकता' जस्ता नाराहरु सहित बजार परिक्रमा गरेका थिए । सोही क्रममा संस्थाले दहेज 'दहेज अभिसाप हो' शिर्षकको नाटक पनि प्रदर्शन गरेका थिए ।

नाटकले दहेज नदिएकै कारण बुहारीलाई विभिन्न खालका हिंसा देखि घर निकालासम्म गर्ने सामाजिक यथार्थ दर्शाएका थिए । 'नाटकले समाजमा रहेको दहेज प्रथा, दहेजकै कारण बुहारीहरुले भोगीरहेका समस्यालाई प्रस्ट्याउने कोशिस गरेको दर्शक लिलादेवी साहले बताए । उनले भने, 'समाजमा भईरहेको घटनालाई नाटकले ट्याप्पै टिपेछ, यसलाई रोक्ने प्रयास हुनु पर्‍यो ।' नाटकले दहेज प्रथा सामाजिक अपराध हो । दहेज कानुनले पनि वर्जित गरेको र छोरी बुहारी दुवैलाई समानरुपले हेर्नुपर्ने सन्देश दिएको छ । कसम लामाको लेखन निर्देशनमा प्रदर्शित ' दहेज अभिसाप हो' सडक नाटकमा शुनिल योन्जन, टुनामाया आले, रितिका कालिकोटे, सरोज पासवान र

## विदेशी विनिमय दर

**Fixed Rate**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

**Open Market Rates**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 131.34 | 131.94 |
| EUR (European Euro) | 1 | 138.33 | 138.96 |
| GBP (UK Pound Sterling) | 1 | 160.98 | 161.72 |
| CHF (Swiss Franc) | 1 | 140.55 | 141.19 |
| AUD (Australian Dollar) | 1 | 89.26 | 89.67 |
| CAD (Canadian Dollar) | 1 | 96.21 | 96.65 |
| SGD (Singapore Dollar) | 1 | 97.08 | 97.52 |
| JPY (Japanese Yen) | 10 | 9.62 | 9.66 |
| CNY (Chinese Yuan) | 1 | 18.88 | 18.96 |
| SAR (Saudi Arabian Riyal) | 1 | 34.93 | 35.09 |
| QAR (Qatari Riyal) | 1 | 35.89 | 36.06 |
| THB (Thai Baht) | 1 | 3.79 | 3.81 |
| AED (UAE Dirham) | 1 | 35.76 | 35.92 |
| MYR (Malaysian Ringgit) | 1 | 29.82 | 29.95 |
| KRW (South Korean Won) | 100 | 10.07 | 10.12 |
| SEK (Swedish Kroner) | 1 | 12.71 | 12.77 |
| DKK (Danish Kroner) | 1 | 18.60 | 18.68 |
| HKD (Hong Kong Dollar) | 1 | 16.87 | 16.95 |
| KWD (Kuwaity Dinar) | 1 | 428.24 | 430.19 |
| BHD (Bahrain Dinar) | 1 | 348.38 | 349.97 |






## ----- राशिफल -----

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
नयाँ काम सुरु गर्ने समय छ । जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पुजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# मलखाद्य उपलब्ध गराउन भन्दै सांसद महतोको अनुगमन

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २६ ।
रासायनिक मलखाद्यको आभाव र कालोबजारी भइरहेको गुनासो आउन थालेपछि धनुषा क्षेत्र नम्बर ३ का नवनिर्वाचित सांसद जुलीकुमारी महतोले अनुगमन थालेको छ ।
नगराईन नगरपालिका सहित विभिन्न स्थानीय तहबाट मलखाद्यको आभाव रहेको र कालोबजारी भइरहेको गुनासो आएपछि नेकपा एमालेकी नेतृ समेत रहेकी महतोले सोमवार कृषि सामग्री कम्पनी लिमिटेड जनकपुर शाखाको अनुगमन गरेकी छिन ।
हिउँदे र गहुँ बाली लगाउने समयमा रासायनिक मलको अभाव भइरहेको र किसानहरुले मल पाउन नसकिरहेको गुनासो आइरहेको भन्दै कृषि सामग्री कम्पनी लिमिटेड जनकपुर शाखामा मलखाद्यको के अवस्था रहेको र कति आवश्यकता छ भन्ने बारे जानकारी लिएकी थिइन । सांसद महतोले कार्यालय प्रमुख रवीकुमार केसरीसँग मलको समस्या र सोको समाधानको विषयमा छलफल गर्दै गोदामको अनुगमन समेत गरिन् । गोदाममा जाँदा मल पर्याप्त मात्रामा स्टोक रहेको पाउँदा सांसद महतोले यति स्टोकमा रहेपनि किन कृतिम आभाव गराएको भनी सोध्दा प्रमुख केसरीले केही पालिकाले लिन नआएको कारण राखिएको भन्ने जवाफ दिएका थिए ।
उनले प्राप्त मल दामासाहीको आधारमा सबै किसानलाई उपलब्ध गराउने गरी संयन्त्र परिचालन गर्नका लागि कार्यालय प्रमुखसँग आग्रह गर्दै सो कार्यालयले हेर्ने क्षेत्र धनुषा र महोत्तरीमा कति मलको आवश्यकता रहेको भनी खाका तयार पारेर चाँडै उपलब्ध गराउन प्रमुख केसरी समेत भनिन् ।
प्रमुख केसरीले केन्द्रबाटै थोरै मात्रामा मलखाद्य आइरहेको कारण आभाव भएको हो । हामीलाई जति उपलब्ध भइरहेको छ त्यसरी



नै वितरण गर्दै आएका छौं । जहाँसम्म कालोबजारीको कुरा हो हाम्रो कार्यालयमा मिथिलाबिहारी नगरपालिकाका वडा नम्बर ३ र १० बाहेक कसैको गुनासो लिखित रुपमा आएका छैन ।
उनले सम्बन्धित पालिकाले वितरक फर्मलाई ढिलागरी सिफारिस गरेको कारण ढिलागरी वितरण गर्दा आभाव देखिएको हो । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २२, मिथिला बिहारी नगरपालिका वडा नम्बर ३ र ७ मा मात्रै त्यहाँ विवादका कारण पुगेको छैन, अन्य ठाउँमा सिफारिस आए अनुसार वितरण गरिरहेको जानकारी गराएका थिए । कार्यालयका अनुसार चालु आर्थिक वर्षमा यूरिया ९ हजार मेट्रिक टन, डीएपी ६ हजार मेट्रिक टन, पोटास ५ हजार मेट्रिक टन अनुमानित आवश्यकता अनुसार माग गरिएको तर सो अनुसार केन्द्रबाट उपलब्ध नभइरहेको बताएका थिए ।


# पत्रकार स्व. भट्टराईको नाममा पुरस्कार स्थापना गर्न माग



मधेशदृष्टि
जनकपुरधाम, मसिंर २६ ।
वरिष्ठ पत्रकार एवं मिडिया काउन्सिल मधेश प्रदेशका अध्यक्ष स्व. शिवहरी भट्टराईको नाम र स्मृतिमासञ्चारसंग सम्बन्धित पुरस्कार सहितका अन्य दिर्घकालिन महत्वको कुनै योजना स्थापना गर्न माग गरिएको छ ।
सोमवार मधेश मिडिया काउन्सिल जनकपुरधाममा आयोजित स्व. भट्टराईको श्रद्धाञ्जली सभा कार्यक्रममा सहभागी वक्ताहरुले सांगठिन कार्यकै सिलसिलामा उनको निधन हुन भएकोमा उनलाई शहादतको रुपमा लिई उनको नाममा दिर्घकालिन महत्वको योजना प्रदेश सरकारसँग ल्याउन माग गरेका थिए ।
कार्यक्रममा महोतरी मठिहानी नगरपालिकाका मेयर तथा पुर्व पत्रकार हरि प्रसाद मण्डल तथा वरिष्ठ पत्रकार रामभरोष कापडिले स्व. भट्टराई मधेश सरकारको एक प्रतिष्ठानको अध्यक्ष मात्र नभई पत्रकारहरुको अभिभावक समेत रहेकाले उनको सम्मान र पहिचानमा मधेश सरकारले पुस्कारको स्थापना गर्नुपर्ने बताए ।
मधेश प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष श्याम सुन्दर यादवले आफुहरु एक कुशल अभिभावक गुमाएको भन्दै दुःख व्यक्त गरेका छन् । स्व.भट्टराई पद र कुर्सीको लोभी नरहेकाकै कारण प्रदेश सरकारले उनलाई मिडिया काउन्सीलको अध्यक्ष बनाएको स्मरण गर्दै शशीले कार्य सिलसिलमा निधन भएकाले सरकारले उनको नाम जिवन्त राख्न कुनै पुरस्कार वा सम्मानको स्थापना गर्न माग गरे ।
वक्ताहरुले गरेको माग बारे बोल्दै मधेश प्रदेश सरकारका गृह तथा सञ्चार मन्त्री भरत प्रसाद साहले वरिष्ठ पत्रकार एवं मिडिया काउन्सिल मधेश प्रदेश अध्यक्ष स्व. शिवहरी भट्टराईको सरकारी कामको क्रममा निधन भएकाले मधेश सरकारले उनको निधनलाई सहादतको रुपमा लिएको बताएका छ ।
उनले भने मधेश सरकारको कामकै शिलशिलामा सर्लाहीमा उनको निधन भएकाले मधेश सरकारले सहादतका रुपमा लिएर स्व. भट्टराईलाई स्मरण गरिरहनेछ । सञ्चारजगतका अगुवाहरुबाट स्व. भट्टराईको नाम र स्मृतीमा सञ्चारसंग सम्बन्धित पुरस्कार सहितका अन्य दिर्घकालिन महत्वको कुनै योजना स्थापना गर्न आएको सुझावलाई मधेश सरकारले स्वीकार गरेको छ ।
कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका कार्यवाहक अध्यक्ष अवधेश कामत, धनुषाका पत्रकारहरु रामभरत साह, श्यामसुन्दर शशी, श्री नारायण साह, अशोक दत्त, महोतरीका पत्रकार दशरथ भण्डारी सहितकाले स्व. भट्टराईलाई स्मरण गर्दै उनको व्यक्तित्व बारे प्रकाश पारेका थिए ।
सो कार्यक्रममा मन्त्रालयका राज्यमन्त्री, सचिव, काउन्सिलका सदस्य कैलाश दास, रिंकु मिश्र गायत्री, बन्दना झा सहित विभिन्न जिल्लबाट आएका पत्रकारहरु सहित काउन्सिलका कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

# ५ हजार भन्दा बढी गाँजाको बोट फडानी

मधेशदृष्टि
सिरहा, २६ मंसिर ।
सिरहा प्रहरीले विभन्न स्थानबाट अवैधरुपमा खेतमा लागाएको ५ हजारभन्दा बढी गाँजाको बोट फडानी गरी नष्ट गरेको छ । नोपल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलिले जिल्लाको गोलबजार, मिर्चैया नपा र नगर गाउँपालिकाको विभिन्न गाउँहरुबाट कारिव १५ कठ्ठा जमिनमा लगाएको ५ हजारभन्दा बढी गाँजाको बोट फडानी गरि नष्ट गरेको हो । गाजाँ तयार हुनै नदिने नीति अनुसार प्रत्येक वर्षजस्तै यस वर्षपनि प्रहरीले फडानी कार्यलाई निरन्तरता दिएको सशस्त्र प्रहरी बल ७ नम्वर गणका प्रमुख एसपी रमेश थापाले बताए । उनले भने, 'हामीले पाएको सूचना र यो गाँजाको बोट देखिने समय पनि भएकोले फडानी गरीरहेका छौ; सूचनाको आधारमा हामी




गाँजा भएका ठाउँसम्म पुगि फडानी गरिरहेका छौं ।' सानो छदा नदेखिने र सूचना समेत नपाउने भएकाले अहिले गाजाँ फडानी कार्य गरिरहेको प्रहरीको भनाई रहेको छ । सिरहाको पूर्वपश्चिम राजमार्ग आसपास र विशेषगरी उत्तरी क्षेत्रका किसानहरुले प्रहरीलाई झुक्याउन चारै तर्फ उखु, रहर, तरकारी खेती लगाएर विचको भागमा गाँजा लगाउने गरेको पाइएको प्रहरीको भनाई छ । कतिपयले करेसाबारी तथा आँगनमा समेत गाँजाको विरुवा लगाउने गरेको प्रहरीले बताए । परबाट हेर्दा अन्य बालीजस्तो लाग्ने गरी गाँजाको खेती गरेको प्रहरीको भनाई छ । किसानले प्रहरीलाई छल्न नै त्यस्तो उपाय निकालेको प्रहरीले बताए ।

# छुट्टाछुट्टै स्थानबाट लागुपदार्थ सहित चारजना पक्राउ

मधेशदृष्टि
सिरहा, २६ मंसिर ।
सिरहा प्रहरीले अवैध लागु पदार्थ सहित चारजनालाई पक्राउ गरेको छ । जिल्लाको धनगढीमाई नगरपालिका १२ कुस्माहा खुट्टी खोलाबाट करिब ९२ केजी अवैध लागूऔषध गाँजा सहित भगवानपुर गाउँपालिका ४ का ४४ वर्षीय शिवनाथ मण्डल, बेचु मण्ड र सप्तरी बेदेवर्साईन नगरपालिका ९ का रामकुमार साहलाई शुक्रवार राति पक्राउ गरिएको हो ।
ईलाका प्रहरी कार्यालय विष्णुपुरकट्टी र ईलाका प्रहरी कार्यालय लहानबाट खटिएको




प्रहरीले ४ वटा बोरामा बोकी ल्याउँदै गरेको गाँजा सहित उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी सुवास बुढाथोकीले जानकारी दिए ।
त्यसैगरी, नवराजपुर गाउँपालिका ५ कुसण्डीबाट नियन्त्रित लागूऔषध डाइजेपाम ३ सय १ एम्पुल, बुप्रेनोर्फिन ३ सय १ एम्पुल र फेनारगन ३ सय १ एम्पुलसहित सिन्धुली घर बताउने १९ वर्षीया शरु नेपालीलाई प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ आउँदै गरेको बा.७८ प ७९१६ नम्बरको मोटरसाइकलमा सवार उनलाई ईलाका प्रहरी कार्यालय झाझपट्टीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा लागूऔषधसहित पक्राउ गरेको हो । उनीसँगै रहेको मोटरसाइकल चालक भने फरार रहेको प्रहरीले उनाएको छ । उनीहरुको खोजी भईरहेको छ ।
पक्राउ परेका चारैजनालाई सोमवारनै जिल्ला अदालत सिरहामा लागुऔषध ओसार पोसार मुद्दामा म्याद थप गरिएको प्रहरीको भनाई छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# अनुगमन नहुँदा रौतहटका अधिकांश कार्यालय कर्मचारी विहिन

विकास अग्रवाल
रौतहट, २६ मंसिर ।
छड्के अनुगमन नहुँदा रौतहटका अधिकांश कार्यालयहरुमा कर्मचारी उपस्थित भएका हुदैनन् । कर्मचारी उपस्थित नहुँदा सेवाग्रहीहरु भने निकै सास्ती खेप्नु परेको छ ।
छड्के अनुगमन गर्ने निकाय रहेको जिल्ला प्रशासन कार्यालयले बेला बेलामा कार्यालय समयमा अनुगमन नगर्दा कर्मचारीहरु कार्यालय छाडेर गएका कारण सेवाग्रहीहरुले सास्ती खेप्नु परेको हो । जिल्ला प्रशासन कार्यालय रौतहटले विगत लामो समय देखि कार्यालय समयमा कर्मचारी उपस्थित भए वा नभएको बारे छड्के अनुगमन नगर्दा कर्मचारीहरु घरायसी तथा व्यक्तिगत कामकाजका लागि जाने गरेको पाईएको छ ।
चन्द्रपुर नगरपालिका सन्तपुर मटिऔनकी महिला कृषक सुनमाया चौधरी आफनो समस्या लिएर सोमवार कृषि ज्ञान केन्द्र आउँदा सिङ्गो कार्यालय कर्मचारी विहिन हुँदा उनी रित्तो हात फर्किन् । मल तथा बिउबिजन बारे बुझ्न आएको थिए । तर, कार्यालयमा कोही नभेटिएपछि फर्किन थालेको उनले बताइन् । कार्यालयमा रहेका पियनले हाकिम र कर्मचारीहरु बिहानै हाजिरी बनाएर कता जानु भयो र कहिले आउनु हुन्छ थाहा नभएको प्रतिक्रिया पाएपछि दुई घण्टाको बसाई पछि फर्किन थालेको उनले जानकारी दिईन् ।
यस्तै काम विषेशले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रौतहटमा गएका एक सेवाग्रहीले कार्यालयका प्रमुख सहित अन्य कर्मचारीहरु कार्यालयमा नभएको जानकारी दिए । माछा पोखरी निमार्ण गर्ने सोच बनाएका राजदेवी नगरपालिका पथरा टोलका रामबालक महतोले कुरा बुझ्न कार्यालय आउँदा सम्बन्धित व्यक्ति र हाकिमसँग भेट हुन नसकेको बताए । कृषि ज्ञान केन्द्र र भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यालय त एउटा उहादरणका पात्र मात्र हुन् । नियमित छड्ने हुन नसक्दा दर्जनौ कार्यालयका कर्मचारी समयमा कार्यालयमा उपस्थित भएका हुँदैनन् । काम विशेषले टाढाबाट कार्यालय आउने सेवाग्रही कर्मचारी विहिनका कारण रित्तो हात फर्किनु समेत परेको छ ।
यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीले कार्यालय अनुगमन नभएको स्वीकार्दै यसलाई नियमित रुपमा अगाडी बढाउँदै लैजाने बताए । कार्यालय समयमा कर्मचारी नभेटिए कारबाहीको दायरामा ल्याउने समेत उनले प्रतिबद्धता व्यक्त गरे ।

# उखुको मुल्य बढाउन ज्ञापन पत्र

मधेशदृष्टि, सर्लाही मंसिर २६
सर्लाहीका उखु किसानले यो वर्ष उखुको मूल्य प्रति क्विन्टल ७०५ रुपियाँ कायम गर्न माग गरेका छन् ।
मिलगेट उखु उत्पादक समिति सर्लाहीमा आवद्ध उखु किसानले जिल्लाकै ठूलो इन्दुशंकर चिनी उद्योग हरिवनमा ज्ञापन पत्र बुझाउँदै क्रसिङ सिजन २०७९/०८० मा उखुको मूल्य प्रति क्विन्टल ७०५ रुपियाँ कायम गर्न माग गरेका हुन् । केही वर्षदेखि चिनीको मूल्य लगातार वृद्धि भइरहेकाले चिनीको मूल्य वृद्धि अनुसार उखुको मूल्य वृद्धि गर्न किसानले माग गरेका छन् ।
कृषि तथा पशुपंछी विकास मन्त्रालय, उद्योग मन्त्रालय र जिल्ला प्रशासन कार्यालय सर्लाहीलाई बोधार्थमा राखेर उद्योगका प्रशासकीय अधिकृत ठाकुर नेपाललाई बुझाइएको ज्ञापन पत्रमा उखु किसानहरु घाटा सहन नसकी उखु खेतीबाटै पलायन हुन थालेकाले यसतर्फ गम्भीर बन्न ध्यानाकर्षण गराइएको छ । ज्ञापन पत्र बुझाउन अगुवा किसानहरु समेत रहेका



निवर्तमान प्रदेश सभा सदस्य डिल्ली प्रसाद उप्रेती, हरिवन नगरपालिकाका मेयर रमेश बुढाथोकी (कमल), मिलगेट उखु उत्पादक समितिका कार्यवाहक अध्यक्ष राजकुमार उप्रेती, कांग्रेस हरिवनका नगर सभापति रामशरण उप्रेती, एमाले हरिवनका अध्यक्ष सीताराम पोखरेल, ओमबहादुर सुवेदी, विनोद कार्कीलगायत उद्योगमा पुगेका थिए ।

# लागु औषधमा महिला जेल चलान

डम्बर राई
सप्तरी, मंसिर २६ गते ।
लागु औषध ओसारपसारमा पक्राउ परेकी एक महिला आइतबार जेल चलान भएकी छन् । सप्तरीको सुरुङ्गा नगरपालिका १ की ३२ बर्षिया रोमा कुमारी विश्वकर्मालाई प्रहरीले खोजतलासको क्रममा राजविराज नगरपालिका ६ बाट शुक्रवार पक्राउ गरेको थियो । विश्वकर्मालाई प्रहरीले डेढ वर्षदेखी खोज तलास गरीरहेको थियो । उनले जिल्लाको हनुमानगर कंकालिनी नगरपालिका १४ स्थित सडक भएर स्पास्मो प्रोसिभन क्याप्सुल एकसय ४४ थान, नाइट्रोसन ट्याब्लेट २० थान ल्याउदै गरेको जाहिरी परेपछि सम्मानित जिल्ला अदालतले दुई वर्षसम्म कैद र एक लाख रुपैयाँ जरीवाना तोकेको थियो । शसस्त्र प्रहरी हबल्दार विदोद कुमार मण्डलको प्रतिवेदन जाहिरीले लागु औषधमा अदालतले गत वर्ष चैत्र २३ गते फैसला सुनाए पनि उनी फरार रहेकी थिइन् । महिलाहरु समेत लागु औषध तथा दुर्व्यवसनी धन्धामा संलग्न गरेको पछिल्ला समयमा थुप्रै भेटिन थालेपछि समाजमा एक प्रकारको विस्तृणा फैलिएका छन् । भनिन्छ महिला समाजका कोमल र भावनात्मक रुपले प्रगतिशलि सोंच विचारमा जागृत हुन्छन तर पछिल्लो समयमा आएर महिला स्लीलता जन्य कारोवारमा फसेको पाइन थालेको छ ।



यसवारे एक महिलाले टिप्पणी गर्दै भनिन् घर परिवारका दयनिय कारण बाहेक कुलत संगत तथा विलासिताका उपजले पनि महिलाहरु फस्न थालेको हो ।

## सम्पादकीय

# स्थानीय तहका विवाद, पार्टीको हस्तक्षेप आवश्यक

मुलुकको केन्द्रीय र प्रदेश तहमा सरकार गठनका अभ्यास भइरहेका छन् । कतै पनि एउटै दलको एकल नेतृत्वमा सरकार बन्ने संभावना छैन । दुई किसिमको निर्वाचन प्रणालीका कारण नेपालमा अहिलेकै संविधान र शासन पद्धतिबाट कुनै एउटामात्र दलको बहुमत पुग्ने अवस्था अंसभत त नभनौं सहजै संभव देखिन्न । यो भयो प्रतिनिधिमूलक संस्थाहरुको कुरा । यता, स्थानीय तहमा ८ महिना अघि चुनाव भएको हो । मुलुकका ७५३ स्थानीय तह छन् र त्यहाँ औपचारिक रुपमा उनीहरुकै सत्ता छ ।

स्थानीय तहको दोश्रो चुनावबाट आएको नेतृत्वले विगतको तुलनामा अपेक्षाकृत राम्रो काम गर्ने विश्वास जनमानसमा देखिएको थियो, त्यो मेटिइसकेको छैन । तर, कतिपय स्थानीय तह स्थानीय राजनीति,नेतृत्वबीचको टकराव र दलिय मत भिन्नताका कारण काम हुन सकेका छैनन् ।

अहिले संघीय र प्रदेशस्तरमा जनताले जसरी भिन्न भिन्न दलका उम्मेदवारलाई मत हालेर फरक फरक दलका उम्मेदवार निर्वाचित भए । त्यस्तै अवस्था स्थानीय चुनावको बेलामा पनि थियो । फरक फरक पार्टीका उम्मेदवार विभिन्न पदमा उम्मेदवार थिए । जनताले राजनीतिक दलका साथसाथै आफ्ना चिनेजानेका, आपन्त, आफ्नो जात, काम गर्नसक्ने लगायतका आधारमा मत दिए । अहिले विजयी भएर आएकाहरुबीच कतिपय स्थानीयतहमा बेमेल छ । नगरपालिकाहरुका काम प्रभावित भएका छन्, जनताले दुःख पाएका छन् ।

एउटा उदाहरण रौटहतको बृन्दावन नगरपालिकाकालाई लिऔं । मेयर र उपमेयर दुबै एउटै पार्टी नेकपा( एकिकृत समाजवादीं) हुन् । तर दुबैबीचको बिवाद सतहमा छताछुल्ल छ । मेयर तथा उपमेयरले छुट्टाछुट्टै पत्रकार सम्मेलन गरेर एक अर्काको विरोध गर्न थालेका छन् । दुई बीचको विवादमा प्रमुख प्रशासकीय अधिकृत मुछिएका छन्। आर्थिक अपचलन र अधिकारका कुराहरु आएका छन् । मेयर उपमेयर दुबै खुलेर एक अर्काको विरुद्धमा ओर्लिएको समयमा पार्टीका जिम्मेवारहरु मौन छन् । जानकारहरुका अनुसार जिल्ला नेतृत्व पनि आपसमा विवादित देखिन्छ छ । पार्टीसँग आवद्धहरुलाई नियन्त्रण गर्ने, निर्देशन गर्ने एक पछि अर्को नेतृत्व हुन्छ, उनीहरुले मिलाउनुपर्ने हो, तर रमिते जस्ता देखिन्छन् सबै । मेयरको महत्वाकाक्षा जागेर उपमेयरको विकल्पको खोजिमा छन् ।

व्यक्तिगत विवादको कानूनी राजनीतिक विकल्प हुँदैन । फेरी स्थानिय तह भनेको प्रतिनिधिसभा, प्रदेशसभा जस्तो होइन, प्रत्यक्ष निर्वाचित संस्था हो । जनताबाट प्रत्यक्ष अनुमोदित भएर आएकाहरुलाई एकले अर्कालाई कमजोर ठान्न मिल्दैन,हुँदैन ।आपसमा समन्वय गरेर अगाडि बढ्नु बाहेकको विकल्प छैन्। पार्टीका जिम्मेवारहरुले हस्तक्षेपकारी भूमिका खेल्नुपर्ने आवश्यकता देखिन्छ यहाँ ।

रौतहटको वृदावन नगरपालिका उदाहरणमात्र हो । उता बाराको जितपुरसीमरा उपमहानगरको वडा नं २० को वडा कार्यालय विगत सात महिनादेखि बन्द छ । वडा अध्यक्ष सुरक्षाको अभाव देखाउँदै वडा कार्यालयमा गएका छैनन् । उनी उपमहानगरपालिकामा बसेर काम गर्दे आएका छन् । उपमहानगरपालिकाको दुर्गममा पर्दछ २० नम्बर वडा । सिमराबाट करिव ११ किलोमीटर टाढा । स्थानीयलाई सानामसिना कामका लागि पनि उपमहानगरपालिका धाउनुपर्ने समस्या छन् ।

यता धुनषाका कतिपय स्थानीय तहमा राजनीतिक बहुमत र अल्पमतको खेलले गर्दा नगरपालिकाको कार्यकारिणि बैंठक बस्न सकेका छैनन् । नगर कार्यकारिणिको बैंठक बस्न नसक्दा आर्थिक कारोबार लगायतका काम ठप्प छन् । कर्मचारी, स्कूलका शिक्षकले तलव खान नपाएर उनीहरु आन्दोलनमा उत्रिरहेको समाचार आइरहेका छन् ।

स्थानीतय तह दलिय राजनीतिको शक्ति प्रर्दशन गर्ने ठाउँ होइन । संघीय सरकारका प्रमुख प्रधानमन्त्री भनेझै नगरपालिका वा गाउँ पालिकाको हकमा मेयर वा अध्नयक्षनै प्रधानमन्त्री सरहका जिम्मेवार हुन् । प्रमुखहरुले राजनीतिक इगो राख्न मिल्दैन । उनीहरुमा समन्वय गर्ने लचकता, राजनीतिक चातुर्यता आवश्यक हुन्छ ।

त्यस्तै स्थानीय तह सत्तापक्ष र प्रतिपक्षको भूमिका खेल्ने ठाउँ होइन भन्ने आत्मसात सबै राजनीतिक दलका नेता, कार्यकर्ताले गर्नुपर्दछ । होइन भने स्थानीय तहको नेतृत्वमा पुगेकाहरुको लगाम क्षेत्रिय, जिल्ला, प्रदेश स्तरका निकायहरुमा हुन्छ, उनीहरुको सक्रिय हस्तक्षेप भयो अब । पार्टीको जिम्मेवार तहमा बसेकाहरुले कतिपय स्थानीय तहमा भइरहेका गतिरोधहरुमा चनाखो भएर भूमिका खेल्ने बेला आइसकेको छ । पार्टीको निगरानी अपेक्षित छ । अब हस्तक्षेपकारी भूमिका खेलौं, ढिला नगरौं ।

# समाजवाद र आर्थिक सुधार

*वास्तवमा हाम्रो अर्थतन्त्र समाजवादी अर्थतन्त्र हुन सकेन । हामी समाजवादी हो भने शिक्षा, स्वास्थ्य र आधार भूत विषयमा राज्यको हस्तक्षेप हुनुपर्छ । हामी समाजवादको उल्टो दिशामा गएका छौं ।*



- केशव आचार्य

२०३६ मा जनमतसंग्रह गर्न तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले अनियन्त्रित रूपमा बजेट ल्याए । तीन आर्थिक वर्ष बजेट घाटा धान्नै नसक्ने अवस्थामा पुग्यो । विदेशी मुद्रा सञ्चिति धान्नै नसक्ने अवस्थामा पुग्यो । हामीले अन्तर राष्ट्रिय मुद्रा कोषलाई आग्रह गर्‍यौं । उनीहरूले ऋणका लागि विभिन्न सर्तसँगै संस्थान निजीकरण गर्ने सर्त अघि सारे । सोही कारण निजीकरणको सुरुआत भयो । सरकारलाई व्ययभारको समस्या भएपछि संस्थानको निजीकरण हुन थाल्यो ।

नेपाल मुद्रा कोषको कार्यक्रममा परेपछि अरू दातृ निकायले पनि ऋण पत्याउँथे । त्यसपछि विश्व बैंक र एसियाली विकास बैंकले ऋण दिन थाले । आर्थिक सुधारको विषयमा कुरा गर्दा वित्तीय क्षेत्रको सुधार महत्वपूर्ण छ । वित्तीय क्षेत्रमा सुधार गर्ने नेपाल दक्षिण एसियाकै पहिलो मुलुक हो । ४० को दशकमै सुधारका काम भएका थिए । हामील राष्ट्र बैंकमा जागिर खाँदा मुद्दती निक्षेपमा ब्याजदर राष्ट्र बैंकले नै तोकिदिन्थ्यो । कर्जामा पनि राष्ट्र बैंककै लगाम थियो । नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगम भन्ने थिए । प्रतिस्पर्धा थिएन । पञ्चायतकालमा डा. प्रकाशचन्द्र लोहनी अर्थमन्त्री हुनुहुन्थ्यो । त्यतिबेला राष्ट्र बैंकले ब्याजदर तोके पनि योभन्दा २ प्रतिशत बढाउन पाइने भन्ने व्यवस्था लागू भयो । लोहनीकै पालामा विदेशी बैंकलाई पनि आउन बाटो खुला भयो । पूर्ण स्वामित्वमा नभई नेपाली लगानीकर्ताको साझेदारीमा भित्रिन दिइयो । सुरुमा ग्रिनलेज बैंक आयो, जसलाई अहिले हामी स्ट्यान्डर्ड चार्टर्ड बैंकका नामले चिन्छौं । त्यसपछि क्रमशः विदेशी बैंकहरू आउन थाले । त्यतिबेला के अवस्था थियो भने सबै सरकारी बैंकहरू सरकारको दबाबमा कर्जा दिन्थे । अनुशासन पटक्कै थिएन । यो सुधारपछि बैंकहरूबीच प्रतिस्पर्धा सुरु भयो । राष्ट्र बैंकले कर्जा र वचतमा ब्याजदर खुकुलो पार्दै गयो । क्रमशः बहुदलीय व्यवस्था आएपछि सुधार भयो । त्यसपछि हामीले चालू खातामा पूर्ण परिवर्त्य अर्थात् सरकारको नियन्त्रण नहुने व्यवस्था गर्‍यौं । हामीले सुरु गरेको केही महिनामा भारतको केन्द्रीय बैंकले पनि यो व्यवस्था ल्यायो ।

अंकुश केमा थियो भने प्राथमिकता प्राप्त क्षेत्रमा निश्चित सीमाभित्र रहेर कर्जा प्रवाह गर्नैपर्ने भनियो । जनआन्दोलन र यसपछिको आर्थिक सुधार नेपालमा २०४६ को जनआन्दोलन भयो । राजनीतिक पृष्ठभूमिमा पनि जानुपर्छ, हामी । गणेशमान सिंहको नेतृत्वमा वाममोर्चा समेत मिलेर पञ्चायत व्यवस्था ढाल्ने संघर्ष चल्यो । गणेशमानलाई इतिहासले जहिले पनि सम्मान गर्नुपर्छ । एक वर्ष कृष्णप्रसाद भट्टराई अन्तरिम प्रधानमन्त्री हुनुभयो । त्यतिबेला त आर्थिक सुधारका विषय आएनन् । त्यतिबेला उहाँलाई म्यान्डेट नै दुई वटा थियो । एउटा, संविधान निर्माण गर्ने र अर्को, निर्वाचन गराउने । त्यतिबेला देवेन्द्रराज पाण्डेलाई अर्थमन्त्री बनाइएको थियो । पाण्डेले पहिलो पटक श्वेतपत्र जारी गर्नुभयो । पछि आएका श्वेतपत्र सबै नक्कली हुन् । व्यवस्था नै परिवर्तन भएपछि आएकाले त्यतिबेलाको श्वेतपत्रको महत्व थियो । उहाँले जनताको हितमा दुई वटा संस्थागत सुधार गर्नुभयो । मुलुकलाई विकास गर्न स्रोत चाहिन्छ । त्यतिबेला हाम्रो बचतको अनुपात निकै कम थियो ।

कुल गार्हस्थ उत्पादन (जीडीपी)मा बचतको अनुपात ५ प्रतिशत पनि थिएन होला । के गरी लगानी जुटाउने त ? सधैं वैदेशिक सहायतामा मात्रै भर पर्नुहुँदैन भनेर नागरिक लगानी कोष बनाउनुभयो । त्यसपछि ग्रामीण स्वावलम्बन कोष बन्यो । त्यो कोषमा सरकार र नेपाल राष्ट्र बैंकले स्रोत व्यवस्थापन गर्थे । त्यसले ग्रामीण विकासमा संलग्न संस्थाहरूलाई ऋण दिने गर्दथ्यो ।

०४७ मा निर्वाचन भयो । २०५ सदनको निर्वाचन सभा थियो । ११० नेपाली कांग्रेसको आयो । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनुभयो । महेश आचार्य अर्थमन्त्री र डा. रामशरण महत योजना आयोगको उपाध्यक्ष बन्नुभयो । त्यो सरकारले धेरै सुधारका काम गर्‍यो । बजारमाथिको नियन्त्रण खुकुलो भयो । राज्यको नचाहिँदो भूमिका, जेमा पनि अनुमति दिनुपर्नेजस्ता झन्झटिलो प्रक्रिया सरलीकरण भयो । थुप्रै ऐनमार्फत नीतिगत सुधार पनि भयो । २०४९ मा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन आयो । औद्योगिक व्यवसाय ऐन, सहकारी ऐन, जलविद्युत्लगायत महत्वपूर्ण ऐन आए । त्यहीं समय लगानी सम्मेलन पनि भयो । आयातका लागि वाणिज्य मन्त्रालयबाट अनुमति लिएर राष्ट्र बैंकलाई जानकारी दिनुपर्ने व्यवस्था गरियो । परिमाण तोकेर आयातको व्यवस्था गरियो । त्यो पनि लिलाम प्रक्रियाबाट आवेदन दिनुपर्ने थियो । करको क्षेत्रमा पनि थुप्रै दर थिए । ०५४ अघि बिक्री कर भन्ने थियो । यो मूल्य अभिवृद्धि करको आयमा हो । थुप्रै दरलाई हटाइयो । लगानी अनुमति प्रक्रिया पनि सरलीकृत गरियो । त्यसले गर्दा विदेशी लगानी पनि भित्रिन थाल्यो । बाह्य क्षेत्रको विस्तार भयो । ०५१ मा भरतमोहन अधिकारी अर्थमन्त्री हुँदा ट्याक्स टू जिडिपी रेसियो मुस्किलले १० प्रतिशत हुन्थ्यो । ०५४ मा विभिन्न करलाई प्रतिस्थापन गरेर मूल्यअभिवृद्धि कर बन्यो । त्यसले नेपालको कर प्रशासनमा क्रान्ति ल्यायो । त्यतिबेलामा मूल्य अभिवृद्धि कर १० प्रतिशत थियो । भरतमोहन अधिकारी दोस्रो पटक अर्थमन्त्री भए । कर्मचारीको तलब बढाउनुपर्ने भयो । त्यसपछि मूल्य अभिवृद्धि करलाई १३ प्रतिशत पुर्‍याइयो । स्वयं कर घोषणाको व्यवस्था पनि आयो । अहिले त अनलाइनबाटै तिर्ने व्यवस्था बन्यो । जिडिपीको अनुपातमा २५ प्रतिशत कर उठ्न थाल्यो । पञ्चायतकालमा २, ३ प्रतिशतमा सीमित आर्थिक वृद्धिदर आर्थिक सुधारपछि ५ प्रतिशतसम्म पुग्यो ।

धेरैले बिर्सिने विषय, १९९६ डिसेम्बरमा भारतमा इन्द्रकुमार प्रधानमन्त्री हुनुहुन्थ्यो । असाध्य उदारवादी हुनुहुन्थ्यो । उहाँले छिमेकी मुलुकको विकास होस् भन्ने चाहनुहुन्थ्यो । नेपाल-भारत व्यापार तथा पारवहन सन्धि भयो । नेपालको निर्यात व्यापार ह्वात्तै बढ्यो । त्यतिबेला नेपालको निर्यात बंगलादेशभन्दा राम्रो थियो । समाजवाद उन्मुख अर्थतन्त्र र अभ्यास नेपालको राजनीतिक परिवर्तनमा वामपन्थीहरूको ठूलो योगदान छ । ०६४ मा संविधानमाथि व्यापक बहस भयो । एउटाले समाजवाद उन्मुख अर्थतन्त्र र अर्कोले तीनखम्बे अर्थतन्त्रको बहस गरे । समाजवाद भनेको आर्थिक विषयजस्तै उत्पादन र बिक्री वितरणमा समाजको सहभागिता हुनुपर्छ । समाजवादी अर्थतन्त्र भनेको डेनमार्क, स्विडेन र फिनल्यान्डको जस्तो हुनुपर्ने हो । तर, यहाँ रुस र चीनले डिस्टोर्ट गरेको देखिन्छ । न्यूनतम शिक्षा र आधारभूत स्वास्थ्य व्यवस्था राज्यले बेहोर्नुपर्छ भन्ने हो । अहिलेको संविधानमा ३१ वटा हक दिएको छ । तर, हाम्रो मुलुकले दिन सक्ने अवस्था छैन । वास्तवमा हाम्रो अर्थतन्त्र समाजवादी अर्थतन्त्र हुन सकेन । हामी समाजवादी हो भने शिक्षा, स्वास्थ्य र आधारभूत विषयमा राज्यको हस्तक्षेप हुनुपर्छ । हामी समाजवादको उल्टो दिशामा गएका छौं ।

सरकारी विद्यालय र अस्पतालको अवस्था विजोग छ । हाम्रो ४२ खर्बको अर्थतन्त्र पुगेको छ । सेवा क्षेत्र ५२ प्रतिशत छ । ०४९ पछि जति सुधार गरियो, त्यसकारण अहिले अर्थतन्त्रको विस्तार भएको हो ।

विश्वको आर्थिक विकास हेर्ने हो भने जहिले पनि हरेक मुलुकको क्रान्ति कृषि क्रान्तिबाट हुन्छ । कृषिमा संलग्न व्यक्तिको संख्या घट्छ । कृषि क्रान्तिमा जिडिपीमा कृषि क्षेत्रको सेयर पनि घट्ने हुन्छ । उनीहरू उद्योगमा जागिर खान्छन् । त्यसपछि सेवामा जान्छन् । कृषि क्रान्ति, उद्योग क्रान्ति र सेवा क्रान्ति तीन चरणमा हुनुपर्छ । हाम्रो त एकैपटक सेवा क्षेत्रमा फड्को मारेको देखिन्छ । यो ठीक होइन । एकै पटक सेवामा जाँदा कृषिमा विकास कसरी गर्ने ? यसरी सेवा क्षेत्र माथि गयो भने कृषि क्रान्ति सम्भव हुँदैन । *(आचार्य, अर्थशास्त्री हुन्, यो लेख आर्थिक पत्रकार समाज( सेजन)को प्रकाशन अर्थनीति स्मारिक २०७८ साभार गरिएको हो ।'*

> *“ धेरैले बिर्सिने विषय, १९९६ डिसेम्बरमा भारतमा इन्द्रकुमार प्रधानमन्त्री हुनुहुन्थो । असाध्य उदारवादी हुनुहुन्थ्यो । उहाँले छिमेकी मुलुकको विकास होस् भन्ने चाहनुहुन्थ्यो । नेपाल-भारत व्यापार तथा पारवहन सन्धि भयो । नेपालको निर्यात व्यापार ह्वात्तै बढ्यो । त्यतिबेला नेपालको निर्यात बंगलादेशभन्दा राम्रो थियो ।*

# हिउँद लागेसँगै गाउँमा युवा देख्नै मुस्किल

**फिचर**

चिसो बढेसँगै सुर्खेत, नेपालगञ्जलगायतका सहरमा मानिसको घुइँचो देखिन थालेको छ । जाडो छल्न हिमाली र उच्च पहाडी भेगका बासिन्दा यहाँ मौसमी बसाइँ सर्ने गर्दछन् । रोजगारीको खोजीमा गाउँका कतिपय युवा भारत लगायत खाडी मुलुकहरुमा जाने र पुरुषहरु पनि जाडो छल्न यी विभिन्न सहरी क्षेत्रमा आउने गर्दा हिमाली जिल्लामा युवा त के पुरुषहरु पनि देख्न मुस्किल हुन्छ । ती जिल्लाका ग्रामीण बस्तीमा अशक्त, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका र महिला मात्र भेटिन्छन् ।

चिसो याममा अचानक गाउँमा केही त्यस्ता केही घटना परिहाले भने उनीहरुले ठूलो समस्या भोग्नुपर्दछ । माथिल्लो कर्णालीका कालीकोट, हुम्ला, मुगु, डोल्पा र जाजरकोटका युवा तथा जाँगरिला सबै पुरुषहरु पैसा कमाउन बाहिरिएका छन् । सामान्यतः वर्षेपिच्छे कात्तिक महिनादेखि मजदूरीका लागि घर छोड्ने युवा यो वर्ष चुनावका कारण अलि ढिला विदेशिएका छन् । चुनावअघि युवालाई विदेसिन दिने छैनौं भन्ने चर्का भाषणहरु सबै दलका उम्मेदवार गरे । उनीहरुलाई ती उम्मेदवारहरुले केही आशावादी पनि बनाए । केही हुन्छ भन्ने आशामा मंसिर ४ गते सम्पन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा बहुसङ्ख्यक युवाहरुले भोट पनि हाले । भनेजस्तो तुरुन्तै केही हुन सम्भव थिएन । जितेका उम्मेदवारहरुले दिएको कोरा आश्वासनले गास, बास र कपासको प्रबन्ध नहुने देखिएपछि घर खर्चका लागि गाउँमै बसेर केही गर्न सक्ने अवस्था नदेखेपछि कतिपय युवा खाडी मुलुक जान काठमाडौं हानिए भने धेरै युवाहरु भारतीय भूमिमा रोजगारीका लागि हिँडेका छन् ।

“गाउँमै बस्ने मन त थियो नि तर के गर्नु, भनेजस्तो केही काम पाइँदैन”, मुगु सोरु गाउँपालिकाका दले बुढाले भन्छन्, “मातृभूमि छोड्ने रहर त कसलाई हुन्छ र तर बाध्यताले नै मानिसलाई परदेशी बनाउँदो रहेछ ।” सबै राजनीतिक दलहरुले चुनावका बेला युवा रोजगारीलाई महत्व दिएर आफ्ना घोषणा तथा प्रतिबद्धतापत्र सार्वजनिक गरेकै थिए र यो चुनावमा पनि त्यो देखियो । दल तथा उम्मेदवारले युवाहरुको रोजगारी सुनिश्चितका लागि नभई भोट तान्नका लागि ती प्रतिवद्धता एवं घोषणापत्र ल्याएको तिला गाउँपालिका-४ जुम्लाका युवा कृष्णबहादुर शाही बताउँछन् । “गाउँमा रोजागरी नभएपछि अब मजदुरीका लागि भारत जाँदैछौं”, उनी भन्छन् “हामी युवा केवल कसैलाई सत्तामा पुऱ्याउने भऱ्याङ मात्र बनिरहेका छौं ।” शाही जस्तै मजदुरीका लागि हजारौं युवा कालापहाड लागेका छन् । जीविकोपार्जन गर्ने आधार भूत आवश्यकताबाट विमुख भएका यहाँका युवा रोजगारी गर्न पाँच/छ महिनाका लागि भए पनि वर्षेपिच्छे भारतीय भूमिमा जानुपर्ने बाध्यता छ । राजनीतिमा साधनका रुपमा प्रयोग भइरहने अवस्थाबाट युवा बाहिर निस्कनु पर्दछ । त्यही अवस्थाबाट रहिरहे उनीहरु माथि नउठ्ने चन्दननाथ नगरपालिका-८ जुम्लाका धर्मसिंह कठायत बताउँछन् । उनी भन्छन्, “चुनावका बेला मात्र रोजागरी र विकासका कुरा गर्ने नेताको क्षणिक आशय मात्र चुनाव जित्ने हो भन्ने कुरा हामी युवाले बेलैमा बुझ्नुपर्दछ ।”

युवा नेत्री लक्ष्मीकन्या बुढा जित्ने र जिताउने समयमा दिइने कोरा आश्वासन दीर्घकालीन समस्या समाधानको मुद्दा नभएको बताउँसछिन । उनी भन्छिन् “मूलतः राज्य र त्यसको नेतृत्व गर्ने सरकारले मुलुकको समग्र समस्याको हल हुने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति अनि त्यसको प्रभावकारी कार्यान्वयन गर्ने बलियो संयन्त्र निर्माण गर्नुपर्दछ । कृषिमा नयाँ प्रविधि र त्यसप्रतिको आकर्षण बढ्ने नीति तथा कार्यक्रम सरकारले ल्याउनुपर्दछ । यसले आत्मनिर्भर समाज बन्न सहयोग पुग्नेछ ।”

कर्णालीका वामपन्थी बुद्धिजीवी तथा पुराना कृषक रामकृष्ण बुढ्थापाले तीनवटै सरकार हुँदा पनि युवा विदेसिनुपर्ने बाध्यता आइलाग्नु मुलुकको नेतृत्वको ठूलो कमजोरी रहेको टिप्पणी गरे । “युवालाई श्रम र सहकारीसँग नजोडेसम्म आत्मनिर्भर अर्थतन्त्रको विकास हुन सक्दैनन्,” बुढा थप्छन्, “यसमा सरकारको नीति र पत्यसको प्रभावकारी कार्यान्वयनमा भर पर्दछ ।” कर्णालीको कृषि, पर्यटन, जडीबुटी क्षेत्रले यहाँका बेरोजगार युवालाई रोजागरी दिन सक्ने भन्दै यसको लागि सरकारले दूरगामी योजना तथा कार्यक्रम ल्याएर त्यसको प्रभावकारितामा जोड दिनुपर्ने उनको भनाइ छ । सुर्खेत पश्चिम पञ्चपुरी नगरपालिकाका दले विकले जुनसुकै पार्टी तथा तिनका उम्मेदवारहरुले चुनाव जित्नका लागि गलत आश्वासन दिने गरेको बताए ।

चुनावमा हरेकको घरमा पसेर नमस्कार गर्दै उम्मेदवारहरुले भन्दै आएका छन्, “हामीलाई जिताउनुस् बेरोजगारी समस्या हटाइन्छौं । कोही विदेश जानुपर्दैन । हजुरहरुको समाजमा भएका सबै समस्या हल गर्छौं ।” चुनाव जिते वा हारेपछि भने ती उम्मेदवारहरु कहिल्यै पनि गाउँ नफर्केको गुनासो उनको छ ।

नयाँले गर्छन् कि भन्ने आशले जिताए पनि कालापहाड जाने समस्या कहिल्यै नछुटेको उनको भनाइ छ । सबै नेताले गरिब, दलित र सोझासिधा नागरिकको भोट लिएर आफ्नै दुनो सोझ्याउने काम गरेको विक दुःखेसो पोख्छन् ।

चुनावमा मतदान गरेर मजदूरीका लागि कर्णाली प्रदेशका पहाडी जिल्लाहरुबाट दिनहुँ युवाको ठूलो लर्को भारततिर लाग्ने गरेको छ । उत्पादनशील जनशक्ति गाउँमा देखिदैन । गाउँमा रहेका अशक्त, ज्येष्ठ नागरिक, महिला तथा बालबालिका पनि उच्च हिमाली भेगमा बढ्दै गएको जाडोले घरबाहिर आउनसक्ने अवस्था हुँदैन । अशिक्षित, पढ्दा पढ्दै अध्ययन छाडेका र उच्च शिक्षासम्म अध्ययन गरेका पनि रोजगारी नपाएर बसेका हजारौं युवालाई स्वदेशी श्रम बजारमा काम पाइन्छ भन्नेमा विश्वास छैनन् । उनीहरु कति त खाडी मुलुकमा गइसकेका छन् भने बाँकी सबै कामका लागि कालापहाडमा ।


युवा विदेसिने सङ्ख्या बढ्दै जाँदा गाउँका खेतबारीसमेत बाँझिएका छन् ।

जमिन बाँझिदा अन्न उत्पादन हुन छोडेको छ । हिजो आफ्नै उत्पादनमा आत्मनिर्भर गाउँहरु पछिल्लो समयमा आयातमुखी बन्दै गएका छन् । यसले गर्दा धान, मकै, कोदो, जौ, चिनो, कागुनो, उवा, मार्से, लट्टे, भट्टजस्ता रैथानी अन्नबाली लोप हुने अवस्थामा छन् । उत्पादनशील जनशक्ति देश बाहिर जाने प्रवृती बढेपछि एक दशकयता कर्णालीमा रैथाने बालीको उत्पादनमा निकै ह्रास आएको छ ।



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा जाडोको कपडा बेच्दै काठमाडौँबाट आएका व्यापारी । तस्विर : सञ्जीतकुमार मण्डल ⁄रासस

# हस्तकलामै जीवन लेख्ने मछिन्द्र



बागलुङ, २६ मङ्सिर
भाषा, कला, संस्कृति र परम्परा पहिचान हुन् । पहिचानसँग जोडिएका पुराना संस्कार संस्कृति आधुनिक प्रविधिको विकासले संकटमा छन् । जसका कारण मौलिक पहिचाननै गुम्ने खतरा बढाएको छ । एक दशक अगाडिसम्म देखिने मौलिक संस्कृति अहिले निकै कम भेटिन्छन् । सूचना, प्रविधिको विकासले हरेक क्षेत्र डिजिटलमय बनेको छ । सहरदेखि गाउँसम्मै प्रविधिको भरपुर प्रयोग भएको छ । प्रविधिको प्रयोगले जीवन र दैनिकीलाई सहज र सरल त बनाएको छ नै, त्यससँगै यसले हाम्रा कैयन मौलिकता र पृथक विशेषता बोकेका परम्परागत कला, संस्कृति, व्यवसायहरुलाई धरापमा पार्ने खतरा पनि उत्तिकै छ । अहिले हरेक व्यक्तिले आधुनिक प्रविधिको प्रयोग गरेर दैनिकी, कामकाज, व्यापार व्यवसायलाई सहज बनाउने गरेका छन् । तर, बागलुङ बजारमै एक दुर्लभ पात्र छन्, जसले आधुनिक प्रविधि, विकासलाई नपछ्याएरै तीन दशक अघिदेखि आफ्नै मौलिक कलासहितको व्यवसायलाई नै निरन्तरता दिएर फरक पहिचान कायम गरेका छन् । ती पात्र छन मछिन्द्र प्रसाद शाक्य । लेखन कलाकारितामा उनको पृथक रुपमा स्थापित परिचय चाहीं ‘रन्तल आर्ट’ । शाक्यले बागलुङ बजारमा ३१ वर्षदेखि चित्र कोर्ने ब्यानर, बोर्ड लेखेरै जीवनयापन गरिरहेका छन । सानैदेखि चित्र कोर्ने, पेन्टिङ गर्ने कार्यमा रुचि राख्नु हुने शाक्यले अन्ततः कलालाई आफ्नो व्यवसायको रुपमा अघि बढाए । बाबा पदमप्रसाद शाक्यबाट चित्र कोर्न सिकेका शाक्यले अहिलेसम्म अनगिन्ती लेखन र तस्बिरहरु कोरिसके ,त्यसको कुनै लेखाजोखा छैन । शाक्यले २०४५ सालमा शिक्षण पेसा पनि अँगाले । शिक्षण पेसाले पनि उनलाई सन्तुष्टि मिलेन । बागलुङको मालिका माविमा दुई वर्ष शिक्षण पेसा गरेपछि उनी काठमाडौँ छिरे । विसं २०४६ मा बिए पास गरेपछि माथिल्लो तहको पढाइका लागि २०४७ साल तिर राजधानी गएका शाक्यले त्यहाँ विभिन्न आरोह अवरोह र चुनौतीको सामना गर्नुपर्‍यो ।

राजधानीमा पढ्दै बाँच्ने क्रममा आर्थिक अभावका कारण शाक्य एक निर्यात कम्पनीमा काम सुरु गरे । त्यस समयमा पनि आफूले निकै समस्या भोग्नु परेको अनुभव शाक्यले सुनाए । त्यस बखत ठेलागाडामा सामान ओसारपसार समेत गरेको उनको भनाइ छ । त्यसको केही वर्षपछि बागलुङ फर्किएरै लेखन कला व्यवसाय आरम्भ गरेको शाक्यले बताए । पढ्नका लागि ४७ साल तिर म काठमाडौँ गए, काठमाडौँ धेरै आरोहअवरोहहरु खेप्नु पार गरेँ, ठेलागाडामा सामान समेत ओसारेँ शाक्यले भने त्यसपछि म बागलुङ फर्किएर लेखनसम्बन्धी काम गर्न थालेँ । विसं २०४९ देखि व्यावसायिक रुपमा चित्र कोर्न थाल्नुभएका शाक्यले सुरुमा तत्कालीन राजा स्वर्गीय महेन्द्र शाहको तस्बिर कोरेका थियो । त्यससँगै उनले विभिन्न देवीदेवता र प्रकृतिको तस्बिर कोरे । शाक्य अहिले उमेरले ५६ वर्ष भए तर उनको लेखन र चित्रकला प्रतिको भोक, प्यासन, लगाव, समर्पण निकै उत्साहप्रद छ । चित्र कोर्ने, ब्यानर, साइनबोर्ड लेख्नेलगायतका कलाबाटै सिङ्गो परिवारको जीविका समेत चलाउदै आएका छन । सुरुमा टिनको पातामा चित्र गर्ने गरेका शाक्यले पछिपछि कपडा लगायत विभिन्न वस्तुहरुमा पेन्टिङ गर्न थाले । ब्यानर र साइनबोर्ड लेख्न आफ्नो साथीबाट सिकेका शाक्यले चित्रहरु भने आफैँ कोर्न सके । अहिले पनि चित्र कोर्ने, ब्यानर र साइनबोर्ड लेख्न र वाल पेन्टिङको काम दैनिकजसो गर्दै आउनु भएको छ । विसं २०४६ मा स्नातक पास गर्नुभएका शाक्यले अरु जागिर पनि गर्न सक्ने प्रशस्त सुविधा, अवसर र क्षमता थियो । तर, जीवनमा कलाप्रतिको आशक्तिले त्यसबाट बाहिर जाने र सोच्ने कुरा शाक्यका लागि गौण बन्यो । काठमाडौँबाट गाउँ फर्किएपछि शाक्यले २०४९ सालमा बागलुङमा ‘रन्तल आर्ट’ खोल्नुभयो । त्यसबेलादेखि सुरु भएको शाक्यको व्यावसायिक कला व्यवसाय अहिले पनि उत्तिकै उर्जा र उत्साहका साथ निरन्तर सञ्चालनमा छ । नौ सय रुपैयाँबाट व्यवसाय सुरु गरेका शाक्य लेखन कला व्यवसायबाटै सुविधा सम्पन्न घरसहितको सम्पत्ति जोड्न सफल छन । आफ्नै कलामा रमाउने शाक्यलाई घर्किदो उमेरले केही फरक नै पारेको छैन ।सुरुमा बुबाले नौ सयको बेञ्च र टेबल ल्याई दिनुभयो, त्यही बेञ्च र टेबलबाट सुरु गरेको व्यवसाय अहिलेसम्म चलिरहेकै छ, शाक्यले भने जहिलेसम्म हातले कलम र मसी समात्न सक्छ, त्यसबेलासम्म यो व्यवसाय चल्नेछ, अरु जस्तो दुःख छैन, जतिबेला गरे पनि भयो, आफ्नै हिसाबले काम गर्न पाइन्छ, कसैको दबाब सहनु परेन, आनन्दै छ ।शाक्यले आफ्नो यही पेसाबाटै दुई छोराको उच्च शिक्षा पढाइ सकेका छन ।


जेठो छोरो अहिले अध्ययनकै लागि अष्ट्रेलिया पुगेका छन् । परिवारको जीविकोपार्जनसँगै शाक्यको बागलुङ बजारको सिर्जना टोलमा पक्की घर खडा छ । दुई छोरा र श्रीमतिसहित चार जनाको परिवार खुसी साथ जीवन निर्वाह भईरहेको शाक्य बताउछन ।

मलाई यही पेसामा आनन्द छ, दुःख भए पनि झण्झट भए पनि काम गर्न मज्जा आउँछ, अरु पेसामा चासो पनि दिइएन, अहिले ३१ वर्ष भयो मैले यो पेसा सुरु गरेको, अहिलेसम्म परिवार खुसी नै छ, सबै जना सन्तुष्टि नै छन्, जीविकापार्जन पनि राम्रै भएको छ, शाक्यले भने परिवारलाई खुसी राख्नु नै मेरो दायित्व हो, अहिलेसम्म राम्रै चलिरहेको छ । बढ्दो प्रविधिका कारण मौलिक कला सङ्कटमा पर्दै गएको शाक्य बताए । उनले पहिले अत्यधिक रुपमा हुने भित्ते लेखन, ब्यानर, साइनबोर्ड लेखनहरु अहिले फ्लेक्स प्रिन्टले गर्दा निकै कम भएको बताउछन । पहिल-पहिले भित्ते लेखन, व्यावसायिक साइन बोर्डहरु लेख्नका लागि निकै आउने गर्थे तर अहिले ह्वात्तै घटेको छ, व्यवसायीहरुले पनि फ्लेक्स प्रिन्ट गर्नतर्फ लागे, त्यसले गर्दा यो काम निकै कम आउने गरेको छ, शाक्यले भने केही वर्ष अगाडिसम्म त भ्याइनभ्याइ हुन्थ्यो, हातले लेख्न कामहरु अहिले बिस्तारै घटिरहेको छ ।उनले आधुनिकताले कला क्षेत्रलाई प्रभाव पारे पनि आफूले यही रुपमै आफ्नो व्यवसायलाई निरन्तरता दिने बताए । शाक्यले पेन्टिङले नै आफूलाई चिनाएको भन्दै आफू फ्लेक्स तिर नलागेको बताए । म यो कामलाई सक्दासम्म निरन्तर गरिरहन्छु, मलाई यही कलाले चिनाएको हो, यतिका वर्ष भयो मैले यसैलाई नै निरन्तरता दिएको छु, यो मेरो कला हो, कला बेच्छु, उनले भने डिजिटल त जसले पनि बनाउन सक्छ, यस्तो कला सबैमा हुँदैन ।शाक्यले आफूलाई भगवानले नै गरी खान भनि यस्तो कला दिएकोमा विश्वास छ । आफूले बायाँ हातले नै सबै चित्रहरु कोर्ने र लेख्ने गरेको भन्दै कलाको संरक्षण सबैले गर्नु पर्ने शाक्यको भनाई छ । नौ सय रुपैयाँबाट कला व्यवसाय सुरु गरेका शाक्यले अहिले वार्षिक १५ लाख बढी आम्दानी गर्दै आएको बताउनुहुन्छ । शाक्यको पसलमा अहिले पनि सयौं नागरिकहरु चित्र कोर्न र कलासम्बन्धी कामहरु लिएर आउने गर्छन् ।पहिलेको तुलनामा डिजिटल प्रविधिको आगमनले केही प्रभाव त पारेकै छ, तर अझै पनि धेरै नागरिकहरु विभिन्न काम लिएर आउने गर्नुहुन्छ, कहिलेकाहीँ भित्ते लेखनको काम पनि हुन्छ, गाउँ गाउँ पुग्छु, यो व्यवसाय अझै पनि राम्रो छ, शाक्यले भने कहिले दिनमै २० हजार पनि हुन्छ, कहिले आम्दानी निकै कम हुन्छ तर कमाई भएन भने र निराश हुनु पर्ने अवस्था भने छैन, पहिलेको तुलनामा केही कम भएकै छ, त्यस्तो ठप्पै चाहीँ भएको छैन ।रन्तल आर्ट पुग्यो भने त्यहाँ दर्जनौं प्रकारका चित्र⁄स्केचहरु देख्न सकिन्छ ।

उनले आफ्नो कार्यकक्षदेखि घरका भित्ताहरु पनि आफैले कोरेका आकर्षक चित्रहरु राखेका छन । जसले उनको घरमा प्रवेश गर्दा मात्रै पनि कुनै आकर्षक ‘कला घर’ मा प्रवेश गरेको अनुभूति हुन्छ । डिजिटल बजारको माग र प्रभाव बढ्दै गए पनि आफूलाई मौलिकता र आफ्नो कलामा विश्वास भएकाले आम्दानी र भविष्यमा निराश हुनुपर्ने अवस्था नभएको शाक्य बताउछन । मलाई आफ्नो कला पौरखमा विश्वास र भरोसा थियो, छ, यो काम गर्न मलाई निकै उत्साह जागेर आउँछ, उनले भने , आफूले तयार गरेका कलाहरुको पनि असिम माया लागेर आउँछ, अरुले बनाएको कलाप्रति पनि उत्तिकै सम्मान गर्न मन लाग्छ । अब आफ्नो घरलाई नै आकर्षक ‘आर्ट ग्यालरी’ को रुपमा सजाउने सपना रहेको उहाँले बताउनुभयो । अहिले घरका भित्ता, भ्यालगायतका ठाउँमा चित्रहरु राखेको उनको भनाइ छ ।पछिल्लो पुस्ताले यसतर्फ ध्यान नदिँदा यो क्षेत्रनै सङ्कटमा पर्ने डर उनमा छ । अहिलेका युवा पुस्तामा चित्र कोर्ने, ब्यानर लेख्ने चासो देखिदैन, उनीहरुलाई केही चाहिँदा बित्तिकै डिजिटल बोर्ड छाप्न गई हाल्छन् । उनलाई भोलि यो क्षेत्र पनि कतै लोप होला कि भन्ने चिन्ताले सताएको छ ।रासस

# नेपालमा टायल उत्पादन सुरु

चितवन, २६ मङ्सिर
नेपाली कच्चा पदार्थको प्रयोग गरेर स्वदेशमा नै टायल उत्पादन सुरुआत गरिएको छ । यसका लागि बाराको जितपुर सिमरा उपमहानगरपालिका-८ मा उद्योग स्थापना गरिएको छ । लामो समयदेखि विदेशी टायल र हाडवेयर सामग्री नेपाल ल्याएर देशभर बिक्री गर्दै आएका दुई व्यवसायीले संयुक्तरुपमा उद्योग सञ्चालनमा ल्याएका छन । भारतीय उद्योगमा गहिरो अध्ययन गरेपछि नेपाली भूमिमा उद्योग सञ्चालनमा ल्याइएको हो । यसै वर्षबाट उत्पादन बजारमा आएको हो । नेपाल सेरामिक इण्डष्ट्रिज प्रालिले नेपोभिट ब्राण्डमा टायल उत्पादन गरेको छ । उद्योगका प्रबन्ध निर्देशक मनोज रौनियारका अनुसार हाल टायललाई आवश्यक पर्ने ५० प्रतिशत माटो नेपालकै प्रयोग गरिएको छ । केही महिनापछि नै पूर्णरुपमा नेपाली माटोबाटै टायल उत्पादन गर्ने योजना रहेको उनले जानकारी दिए । बारा, मकवानपुर र दोलखा लगायतका जिल्लाबाट माटो ल्याएर उत्पादन गरिएको छ । दश बार प्रकारको माटो त्यहाँबाट ल्याएर परीक्षण गर्दै प्रयोग गरिएको छ ।



टायलमा प्रयोग गरिने रङ र ग्लेज भने विदेशबाट आयात गर्ने गरिन्छ । सुरुको तीन महिना पूरै माटो भारतको राजस्थानबाट ल्याइएको भए पनि क्रमशः नेपाली माटोको खोजी गरिएको बताए । उनले भने , एक हजार दुई सय डिग्री तापक्रम दिँदा भारतीय माटो ३२ प्रतिशत पग्लियो भने नेपाली माटो ४५ प्रतिशत पग्लियो । नेपाली माटो टायलका लागि उत्तम देखियो । भारतीय माटोबाट बनाइएको टायलले तीन सय ५० केजी भार थेगेको भन्दै उहाँले नेपाली माटोबाट बनेको टायलले चार सय ३० केजी भार थेगेकाले यहाँको माटो गुणस्तरीय देखिएको रौनियारले बताए । भारतबाट ल्याएको माटो उद्योगसम्म आइपुग्दा प्रतिकिलो रु आठ पर्छ भने नेपाली माटो रु तीनमा उद्योग आइपुग्ने उनको भनाइ छ ।

उद्योगले महिनामा सात हजार दुई सय टन माटो खपत गर्दै आएको छ । झण्डै तीन वर्षअघि उद्योगको काम थाल्दा गरिएको अध्ययनमा हरेक वर्ष रु ३० अर्बको टायल विदेशबाट आयात हुँदै आएको बताउँदै आफूहरुले त्यसको १० प्रतिशत आयात विस्थापन हुने गरी उत्पादन थालेको रौनियारले बताए । अहिले उद्योगले मासिक रु २० करोड हाराहारीका तीन सय ५० डिजाइनका टायल उत्पादन गरेर बिक्री गर्दै आएको छ । देशका सबै क्षेत्रमा टायल पुगिसकेका छन् । विदेशी टायल ल्याएर देशैभरि बिक्री वितरण गर्ने ठूलो सञ्जाल सञ्चालकको रहेकाले बजार पुऱ्याउन सहज भएको हो । पहिलो चरणमा भुईंमा बिछ्याउने फरक-फरक साइजका टायल उत्पादन भएका छन् । उद्योगका अध्यक्ष शम्भुनाथ झाका अनुसार भारतीय ब्राण्डेड टायलभन्दा राम्रो गुणस्तरमा उद्योगले उत्पादन थालेको छ । छिट्टै भित्तोलगायतका ठाउँमा लगाउने फरकफरक खालका टायलसमेत उत्पादन गर्ने योजना रहेको झाले बताए । पाँच बिघा १२ कट्ठा जमिनमा रु एक अर्ब ५० करोडभन्दा बढी लगानी गरेर उद्योग सुरु गरिएको हो । उद्योगमा चार सय जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । सुरुमा भारतबाट एक सय ५० जना प्राविधिक कामदार ल्याइएकोमा अहिले घटाएर एक सयमा झारिएको छ । यो सङ्ख्या क्रमशः घटाउँदै लैजाने उनले बताए । अध्यक्ष झाले भने , हामीले उद्योग सुरु गरेसँगै अन्य व्यवसायीले पनि उद्योग सञ्चालनको तयारी गरेका छन् । यही ढङ्गले अघि बढेमा पाँच⁄सात वर्षपछि नेपाल टायलमा आत्मनिर्भर हुन्छ । सम्पूर्ण उपकरण इटलीमा बनेको भन्दै उनले भारतीय उत्पादनभन्दा गुणस्तरीय उत्पादन आफूले गर्दै आएको बताए । उनका अनुसार उपकरणका लागि मात्रै रु ७० करोडभन्दा बढी खर्च भएको छ । उत्पादन गुणस्तरीय र मूल्य सस्तोमा बिक्री गर्न सकेको उनी बताउछन । सुरुआती समय सम्झँदै उनले भने , साथीभाइ र परिवारका मानिसले पनि यिनीहरुले सही काम गरेनन् भन्थे, अहिले सबै दङ्ग छन् । आफूहरुले निकै चुनौती मोलेर काम गरेको जनाउँदै उनले कच्चा पदार्थ र बजारीकरणमा आवश्यक सहयोग सरकारले गर्नुपर्ने बताए । रासस

# बांस दाउरामा परिणत

उदयपुर, २६ मङ्सिर ।
पहाडी तथा उत्तरी पहाडी क्षेत्रको ग्रामीण भेगमा उत्पादन भएका करोडौं मूल्य पर्ने बाँस व्यवस्थित सडकको अभावमा अन्यत्र बिक्री गर्न समस्या हुँदा दाउरामा परिणत भएको छ । जिल्लाको मध्य पहाडी क्षेत्रको इनामे, बर्रे, माझखर्क, नामेटार र टाट्ने तथा उत्तरी पहाडी क्षेत्रको बाँसबोटे, ठानागाउँ, बलाम्ता र ताम्लिछा जाते क्षेत्रमा उत्पादन भएका करोडौं मूल्यका बाँस अन्यत्र बिक्री गर्न नसक्दा दाउरामा परिणत हुने गरेको बाँस उत्पादक किसान बताउँछन् । बर्रेका दानबहादुर तामाङले आफ्नो जग्गाको घरबारी तथा पाखाबारीमा बर्सेनि लाखौँको बाँस उत्पादन हुने गरेको तर गाउँबाट अन्यत्र बिक्री गर्न सडक नहुँदा आफूहरुले बाँसको घाँस गाईबस्तुका लागि प्रयोग गर्ने तथा बाँस दाउरा बालेर नष्ट गर्नुपरेको बताए । अहिले यो क्षेत्रमा सडक पुगेका स्थानमा गाउँलेहरुले प्रतिघना बाँस न्यूनतम रु एक सय पचासदेखि दुई सय ४० घनाका दरले बिक्री गर्ने गरेको तर आफूहरुको गाउँघरसम्म अझै व्यवस्थित सडक विस्तार नहुँदा बाँस बिक्रीमा समस्या हुने गरेको इनामेका जङ्गबहादुर तामाङको गुनासो छ । यस क्षेत्रमा उत्पादन भएका बाँस गाउँलेहरुले हस्तकलाका बस्तु उत्पादनमा समेत प्रयोग गर्ने नगरेको र दाउरा मात्र बाल्ने गरेका छन् । लिम्चुङबुङ गाउँपालिकाका अध्यक्ष मेजरकुमार राईका अनुसार यस क्षेत्रको सबै ग्रामीण भेगमा कच्ची ग्रामीण सडक व्यवस्थित बन्न बाँकी रहेका कारण किसानले उत्पादन गरेको बाँस अन्यत्र लगेर बिक्री गर्न समस्या हुने गरेको छ ।अहिले गाउँपालिकाले प्रत्यक वडामा सडक व्यवस्थित तरिकाले विस्तार गर्ने कार्य गरिरहेका कारण अबका एक⁄दुई वर्षभित्र यसक्षेत्रको बाँस सहज तरिकाले अन्यत्र बिक्री गर्न सकिने अवस्था रहेको अध्यक्ष राई बताउछन । यहाँका दुर्गम पहाडी क्षेत्रमा ठूला-ठूला र अग्ला प्रजातिका बाँस उत्पादन हुने गरेको कारण यसलाई अन्यत्र बिक्री गर्न सके राम्रो मूल्य पाउन सकिने यस क्षेत्रका किसानको भनाइ छ । जिल्लाको तल्लो पहाडी क्षेत्र मुर्कुची, नेपालटार, रौता साउने खाँबु चिलाउने क्षेत्रमा उत्पादन गरिएका बाँस खरिदकर्ताले एक नम्बर प्रदेशको विराटनगर, इटहरी तथा राजधानी काठमाडौँसम्म खरिद गरेर लैजाने गरेको किसान बताउँछन् ।रासस

# “जलवायु परिवर्तनलाई समयमै न्यूनीकरण गर्न नसके कृषिमा असर”

काठमाडौँ, २६ मङ्सिर
नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले विश्वमा बढदै गइरहेको जलवायु परिवर्तनलाई समयमै न्यूनीकरण गर्न नसकेमा कृषि उत्पादनमा नकारात्मक असर पर्ने बताएका छन ।

अन्तर्राष्ट्रिय किसान आन्दोलनको विश्वव्यापी नेतृत्वको स्थायी समितिको बैठकको शुभारम्भ गर्ने क्रममा उनले जलवायु परिवर्तनले हिमाल पग्लिने, बाढी पहिरो, विपतको जोखिम, उत्पादकत्वमा कमिलगायत समस्या देखा पर्न थालेकामा चिन्ता व्यक्त गरे । पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपालले विश्व अर्थतन्त्रलाई मजबुत बनाउन कृषि क्षेत्रमा उत्पादनको महत्व हुने उल्लेख गर्दै विश्वमा शक्ति सम्पन्न राष्ट्रका बीच देखा परेको तनाव तथा ठूला भनिएका मुलुककमा भइरहेका



युद्धले विश्वमा गरिबी बढने, जनताको खाद्य सम्प्रभुता अधिकार लागू हुन नसक्ने विचार व्यक्त गरे ।

युद्धका कारण विश्वको कृषि उपजको उत्पादन तथा उत्पादकत्वलगायत समग्र क्षेत्रमा प्रतिकुल असर देखा पर्ने भन्दै उनले नेपाल असंलग्न परराष्ट्र नीतिको पक्षमा रहेकाले मानवीयताविरुद्ध विश्व परिवेशमा भएका सबै खाले युद्व रोक्न आग्रह गरे । अध्यक्ष नेपालले किसान वर्गको जीवनस्तरमा सुधार ल्याउने र उनीहरुलाई आर्थिक रुपान्तरण गर्ने, जनताका खाद्य सम्प्रभुता अधिकार सुनिश्चित गर्ने विषयमा बैठकमा छलफल केन्द्रीत गर्न सहभागी राष्ट्रका प्रतिनिधिलाई सुझाव दिए ।

अखिल नेपाल किसान महासङ्घका अध्यक्ष बलराम बाँस्कोटाले विश्वव्यापी रुपमा कृषि क्षेत्रको उत्पादनमा आएको समस्या तथा तिनका समाधानका सामूहिक उपायबारे बैठकमा छलफल गरिने बताए ।

ललितपुरको गोदावरीमा सोमवारदेखि आगामी पुस २ गतेसम्म हुने बैठकमा नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, श्रीलंकालगायत ८० राष्ट्रका किसान सङ्गठनका नेतृत्व तथा प्रतिनिधिको सहभागी छन् ।रासस

# संक्षेप समाचार

## संस्कृत शिक्षा लागू

जलेश्वर, २६ मङ्सिर ।
महोत्तरीको मनरासिस्वा नगरपालिकाले संस्कार र संस्कृति रक्षाका लागि भन्दै आफ्नो पालिकाभित्रका सबै सामुदायिक विद्यालयमा संस्कृत शिक्षा लागू गरेको छ । नगर प्रमुख मोहन पाण्डेले आधुनिकताको नाउँमा पश्चिमा सभ्यता र शैली हाबी हुँदै गएकाले आफ्नो नगरभित्रका सबै सामुदायिक विद्यालयमा यसै शैक्षिक सत्रदेखि संस्कृत शिक्षा लागू गरेको बताए । नगरभित्र माध्यमिक तथा आधारभूत विद्यालय गरी जम्मा २३ सामुदायिक विद्यालय रहेकामा प्रत्येक विद्यालयमा चालु शैक्षिक सत्रदेखि नै संस्कृत शिक्षा लागू गरिएको प्रमुख पाण्डेले बताए । उनले २३ वटै विद्यालयका कक्षा एक देखि आठ सम्मका सम्पूर्ण विद्यार्थीले अनिवार्य रुपमा संस्कृत शिक्षा हासिल गर्नुपर्ने गरी प्रत्येक विद्यालयमा संस्कृत शिक्षा लागू गरिएको जानकारी दिए । प्रमुख पाण्डेले नगरभित्रका विद्यालयमा संस्कृत शिक्षा प्रदान गर्न यस विषयका २३ जना शिक्षक नियुक्त गरिएको र उनीहरुले नियमित रुपमा सबै विद्यालयमा संस्कृत विषयको पठनपाठन गराइराखेको बताए । यस पालिकामा सुरु गरिएको संस्कृत विषयको पठनपाठनबाट आगामी दिनमा यस विषयका जनशक्ति उत्पादन हुने पनि प्रमुख पाण्डेले विश्वास व्यक्त गरे ।रासस

## कुटपिटबाट वृद्धाको मृत्यु

मलङ्गवा, २६ मङ्सिर
सर्लाहीको चक्रघट्टा गाउँपालिकामा सोमवार कुटपिटबाट एक वृद्धाको मृत्यु भएको छ । चक्रघट्टा-२ बेल्हीमा कुटपिटबाट जयसी रायकी ७० वर्षीय श्रीमती सागरदेवी रायको मृत्यु भएको सर्लाहीका प्रहरी उपरीक्षक प्रवीण पोखरेलले जानकारी दिए । छिमेकी पुकार रायसँग जग्गाको विषयमा विवाद हुँदा कुटपिटबाट रायको ज्यान गएको हो । पुकार रायको घर परिवारका सदस्यको कुटाइबाट आफ्नी आमाको मृत्यु भएको मृतककी छोरी सिकिलियादेवी यादवले आरोप लगाउनुभयो । मृतकको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवामा ल्याइएको छ । घटनामा संलग्नको खोजी तथा थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीले जनाएको छ ।रासस

## प्रदेशअनुसार सुन वितरणको व्यवस्था




काठमाडौँ, २६ मङ्सिर :
नेपाल सुनचाँदी व्यवसायी महासङ्घले प्रादेशिक संरचनाका आधारमा सुन वितरणको व्यवस्था मिलाउन सरकारसँग आग्रह गरेको छ । महासङ्घका अध्यक्ष माणिकरत्न शाक्यको नेतृत्वको टोलीले नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रसँग भेट गरी सङ्घीय सरचनाअनुरुप हुनेगरी सुन वितरणको कार्यविधि संशोधन गर्न आग्रह गरेको हो ।
हालसम्म पुरानै संरचनाअनुरुप अञ्चलगत रुपमा बने को कार्यविधिअनुसार सुन वितरण हुँदै आएको र विद्यमान अवस्थामा सो विधि व्यावहारिक हुन नसकेको भन्दै महासङ्घले यथाशीघ्र प्रादेशिकरुपमा सुन बाँडफाँटको व्यवस्था मिलाउन आग्रह गरेको हो ।
नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर मिश्रले महासङ्घले राखे को मागलाई आफूले गम्भीररुपमा लिएको र यस विषयमा सम्बन्धित निकायमा परामर्श गरी आवश्यक निर्णय लिइने बताउनुभयो । व्यवसायीहरुले सुनको कोटा कम हुँदा देशभर का सुनचाँदी व्यवसायी मर्कामा परेको उल्लेख गर्दै आपूर्ति प्रणालीमा सुधार गर्नसमेत आग्रह गरेका थिए ।
त्यस अवसरमा महासङ्घका अध्यक्ष शाक्यले व्यवसायीले सुन खरिद गर्दा प्रत्येक बैंकमा खाता खोल्नुपर्ने बाध्यात्मक र असहज अवस्था रहेको बताउनुभयो । पछिल्लो समयमा दै निक १० किलोका दरले सुनको आयात हुँदै आएको छ । जुन बजारको मागको तुलनामा अत्यन्तै कम भएको व्यवसायीको गुनासो छ । (रासस)

## शुरुदेखि नै होटल विवादित ............

साहलाई प्रभावमा पारेर उपमहानगरपालिकाको सिफारिसमा नक्सामै बाटोको किताकाट गरायो । चौतर्फी विवादपछि मालपोत कार्यालय धनुषा र गुठी संस्थानद्वारा बाटो किताकाट रद्द गर्न लिखित रुपमै निर्देशन दिइयो । उपमहानगरपालिकाले अटेर गरेपछि अदालतबाट रोक्न लगाइयो ।
अदालतबाट रोक्का गरिएको केही महिनापछि होटल सञ्चालकले प्रदेश सरकारका मुख्यमन्त्री लालबाबु राउतलाई प्रभावमा पारेर मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम मार्फत पोखरी सौन्दर्यकरणको नाममा घाट बनाउन पोखरी पुरेर दुवैतर्फ २०/२० बाटो कायम गरियो ।
मुख्यमन्त्री राउत संयोजक रहेको सो स्वच्छता अभियान कार्यक्रमका ती पोखरी सौन्दर्यकरणका लागि साढे ३ करोड रुपैया गत आर्थिक वर्ष २०७८/०७९ मा निकासा गरियो । ठेकेदारले सौन्दर्यकरणको नाममा पोखरी पुरेर बाटो बनाउनसम्म काम गरियो । तर बाटो दुईतर्फी काम भइसकेपछि ठेकेदार अधुरै काम छाडेर फरार छन ।

# गोबरको गुइंठाबाट खाना पकाउन बाध्य



सर्लाही, २६ मङ्सिर
यहाँका अधिकांश नागरिक दाउराको अभावमा गाईबस्तुको गोबरबाट बनेका गुइँठामा खाना पकाउन बाध्य छन् । जिल्लामा रहेका २० स्थानीय तहमध्ये अधिकांश स्थानीय तहका बासिन्दा वर्षौंदेखि गोबरका गुइँठा बनाइ खाना पकाउनका लागि इन्धनका रुपमा प्रयोग गर्दै आइरहेका छन् ।
विषेशगरी जिल्लाका दक्षिणी भेगमा गुइँठाको प्रयोग अत्यधिक हुने गरेको छ । तराई-मधेसमा गुइँठाबाट खाना पकाउने चलन पुरानो भए पनि वनबाट पाइने दाउराको अभाव तथा असहज उपलब्धताले गर्दा सो क्षेत्रका नागरिक अझै पनि गुइँठाबाट खाना पकाउन बाध्य छन् । गाउँ नजिकै कुनै पनि वन नरहेको, वनबाट दाउरा ल्याउनका लागि टाढा जानुपर्ने बाध्यता तथा वनबाट दाउरा ल्याउँदा वनका कर्मचारी तथा प्रहरीले दुःख दिने गरेकाले आफूहरु गुइँठाकै प्रयोग गर्न बाध्य रहेको ब्रम्हपुरी गाउँपालिका-४ की रामकली देवीले गुनासो गरे । गाईभैंसीको गोबरमा गहुँको भुसा, मकै, गहुँ वा तोरीको डाँठ र पराल आदि मिसाएर त्यसलाई चाक्लो पारी पथारेर तयार पारिने गुइँठालाई स्थानीय भाषामा गोरहा भन्ने गरिन्छ । तराई-मधेसमा घरका महिला सदस्यको प्रमुख काममध्ये गुइँठा बनाउन पनि एक रहेको छ । उनीहरुले घरधन्दा सँगसँगै खाना पकाउनका लागि गुइँठा पनि तयार गर्ने रहेको छ ।
गोबरबाट तयार पारिएको गुँइठालाई करिब एक महिना घाममा सुकाएपछि बाल्नका लागि तयार हुने र यसैलाई अहिलेसम्म इन्धनको रुपमा प्रयोग गर्दै आएको मलङ्गवा-७ मुसौलीकी रमिलादेवीले बताए । जिल्लाको दक्षिणी भेगमा रहेका गाउँका घर तथा सडकमा सुकाएर राखिएको गुइँठाका दृश्य सामान्य नै लाग्छन् । सुकेर तयार भएको गुइँठालाई पानी नचुहिने, नभिज्ने तथा सुख्खा ठाउँमा थाक बनाएर राख्ने गरिन्छ । यसरी थाक बनाएर राखेका गुइँठा आवश्यकताअनुसार खाना पकाउन प्रयोग गरिन्छ । ब्रम्हपुरी-३ का रामविनय रायले गुइँठाबाट खाना पकाउँदा अत्यधिक धुँवा आउने, त्यसमा रहेका कीरा खानामा पर्ने, राम्रोसँग नबल्ने, स्वास्थ्यमा समस्या आउने भए पनि आफुहरुसँग अन्य विकल्प नरहेकाले बाध्य भएर गुइँठाको प्रयोग गर्नुपरेको बताए ।
गाईबस्तुको गोबरबाट गुइँठा बनाएर बाल्दा खेतबारीमा जैविक मलको अभाव हुने गरेको छ । त्यसले गर्दा किसानले खेतीबारीमा बाध्य भएर रासायनिक मलको प्रयोग गर्नुपरिरहेको कृषि ज्ञान केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहले बताए ।
खेतबारीमा जैविक मल प्रयोग नगरी केवल रासायनिक मलमात्र प्रयोग गर्नाले जमिनको उर्वरा शक्ति क्षणहुँदै जाने र अन्ततःजमिन मरुभूमिमा परिणत हुनसक्ने कुशवाहाको भनाइ छ । गुइँठाको प्रयोगबाट निस्कने धुँवाबाट स्वास्थ्यमा नराम्रो असर पर्ने प्राथमिक स्वास्थ्य केन्द्र लालबन्दीका प्रमुख सुदिपराज काफ्लेले बताए । उनका अनुसार लामो समयसम्म गुइँठाको धुँवामा बस्दा स्वाशप्रस्वाशसम्बन्धी विभिन्न रोग लाग्ने गर्छ ।
रासस

## कानून विपरित गुठीले..............................

जग्गा भाडामा लगाउँन पाइदैन भनी चौतर्फी विरोध भइरहेका बेला गुठी संस्थान जनकपुरधामले गुठीको जग्गा भाडा किन लगाउन पाइदैंन भन्दै गुठीलाई भाडा लगाउनबाट कसैले रोक्न पाउँदैन भनी चेतावनी समेत दिएका छन् ।
सरोकारवाला निकायहरुले गुठी संस्थान मठ मन्दिर र पोखरीको जग्गाका संरक्षक हुन मालिक होइनन् । गुठी संस्थानले सम्बन्धित जग्गाको संरक्षण गर्नुपर्दछ न कि बेच्नुपर्छ ? जनस्तरमा प्रश्न उठ्न थालेको छ । नियम कानून विपरित संस्थानले यस अघि पनि कतिपय जग्गा बेचेको छ । जसको पछिल्लो उदाहरण पापमोचनी सर पोखरीको डिल भाडामा लगाउने प्रयास हो ।
निर्माणको अन्तिम चरणमा रहेको होटलको भवन समेत जानकी मन्दिरको जग्गामा रहेको छ । होटलमा जाने जग्गाको बाटो नहुँदा शुरुदेखि नै विवाद छँदैं थियो । महिनौंसम्म विवाद समाधान भएन ।
बाटो समस्या समाधान नभएपछि होटल सञ्चालकले प्रदेश सरकारबाट पोखरी सौन्दर्यीकरणको नाममा पोखरी पुरेर बाटो निर्माण बनाए । अहिले पार्किंगको लागि गुठी संस्थानका पदाधिकारीलाई प्रभावमा पारेर लिजमा लिन लागेपछि विरोध हुन थालेको हो ।

### गुठीले लिजमा लगाउँन पाउदैन : वृहत्तर .......

'गुठीले आर्थिक प्रलोभनमा पापमोचनी सर पोखरीको योजनाबद्ध तरिकाले अस्तित्व मेटिने गरी भाडामा लगाउन खोजेको हो । हामीले यसको विरोध गर्दै तत्काल टेण्डर प्रक्रिया रद्द गर्न माग गरेका छौं ।' साह टेण्डर रद्दको निवेदन गुठी संस्थानमा दर्ता गराउने बताउँछन् । 'टेण्डर खारेज गरिएन भने हामी पोखरी बचाउन अदालतसम्म जानेछौं' साह भन्छन् ' हामी गुठीसँग वृहत्तरको सहमति बिना पापमोचनी पोखरी डिलको जग्गा भाडामा लगाउन किन टेण्डर आह्वान गरियो भने जवाफ माग्दा जिल्ला शाखाले केन्द्रले सूचना निकालेको र केन्द्रसँग जवाफ माग्दा जिल्लाबाट सिफारिस भएर आएपछि निकालिएको भनी ढाँटिरहेका छन । ऐन अनुसार जनकपुर क्षेत्र भित्रका बारह विघा, जानकी मन्दिर, दशरथ मन्दिर, दशरथ तलाउ, कपालमोचनी सर पोखरी, गगा सागर, रामसागर, धनुष सागर, राम मन्दिर र महोत्तरीको रतवाडा मन्दिर लगायत १७ वटा पोखरी तथा मठ मन्दिर वृहत्तरको संरक्षित क्षेत्र हो र यसमा कुनै संरचना निर्माण वा कार्य गर्दा वृहत्तरसँग इजाजत लिनुपर्ने व्यवस्था रहेको साहको भनाई छ ।

### गुठीले कसैसँग सोध्नु पर्दैन ............

नो संरक्षित क्षेत्रभित्र रहेको दाबी गरिरहेको भनाईमा रेग्मीले त्यो हामीलाई थाहा छैन, यदि त्यसको अधिकार परे भने हामी त्यससँग पनि राय सल्लाह लिनेछौं भनी ढाँटे ।

### पोखरीको डिल भाडामा .............

संस्थानद्वारा नै योजनाबद्ध तरिकाले अतिक्रमण गराउनु गलत हो।'
'हामी यसको कडा विरोध गर्छौं, ती पोखरीको ऐतिहासिकता मेटिने गरी अतिक्रमणमुक्त हुनबाट जोगाउन गुठी संस्थानसँग माग गर्दछौं' ठाकुर भन्छन् 'गुठी संस्थानले टेडर खारेज गरेन भने हामी यसको विरोधमा उत्रनेछौं ।'
यस्तै वर्तमान प्रदेश सभा सदस्य कौशलकिशोर यादवले पनि कडा विरोध जनाएका छन् । उनले भने 'पापमोचनी सर पोखरी डिलको जग्गा व्यवसायिक प्रयोजनका लागि कुनै होटलको पार्किंगका लागि भाडामा दिनु गलत हो ।' यादवका अनुसार पोखरीको डिलमा यसअघि जस्तै योग शिविर जस्तै कुनै सार्वजनिक कार्यका भाडामा दिनुपर्छ । गुठीले भाडामा लगाउन खोजेका सो जग्गामा यसअघि यादव संयोजकत्वमा रहेको राजर्षि पतञ्जली योग ट्रस्टलाई लिजमा दिइएको थियो ।यादव भन्छन् 'जग्गामा होटल संचालक नजर रहेको कारण पांच वर्षका लागि मात्रै रहेको लिज गुठीले नवीकरण नगरी होटल संचालकलाई दिने गरी पुनः टेण्डर आह्वान गरेको छ ।' 'होटललाई दिने गरी निकालिएको टेण्डर खारेज गरी योग शिविरका लागि लिजको म्याद बढाउन माग गर्दछौं' यादव भन्छन् ' त्यसका लागि गुठीको जिल्ला शाखामा निवेदन दर्ता गराउनेछौं । यदि निवेदन दर्ता गरिएन भने हामी विरोधमा उत्रनेछौं । ' यता तेली समाज धनुषाका अध्यक्ष रामबाबु साहले पनि कडा विरोध जनाएका छन् । उनले भने 'धार्मिक ऐतिहासिकतासँग जोडिएका पोखरीहरुको संरक्षण गर्नुपर्दछ । तर गुठी संस्थानले होटल संचालकसँग मोटो रकम लिई त्यसको पार्किंगको लागि दिने गरी सुनियोजित रुपमा टेण्डर आह्वान गरेको छ ।' टेण्डर रोकिएन भने आफूहरु कडा संघर्षमा उत्रने चेतावनी पनि साहले दिएका छन् । गुठीसंस्थानले आफ्नो अधिकार हो भनी पोखरी मठ मन्दिरका जग्गा भाडामा लगाउनले हो भने आफूहरु बारह विघा र जानकी मन्दिर नै भाडामा लिन तयार रहेको बताउँदै साह प्रश्न गर्छन् 'गुठीले दिन सक्छ ?'

## किसानलाई मर्का, व्यापारीलाई ....................

समयमै धान नबेचे मकैको बिउ,मल धान काट्दा, थन्काउदाको लागेको खर्च तिर्न सकिदैन' आचार्यले भने । जितपुरसीमरा वडा नं ११ का रामलाल राउत अहीरले पनि ३ बिगाहा खेतको १ टन धान प्रतिक्युटल २ हजार ३ सयको दरले व्यापारीलाई बिक्री गरेका छन् ।
अशोज दोस्रो साता धान बिक्री गरेका रामलालले सरकारले तोकेको सर्मथन मुल्यले व्यापारीलाई मात्रै फाईदा भएको गुनासो गरेका छन् ।
'किसानलाई केही फाईदा छैन्,३ हजार ५ सय बोराको खाद, ज्याला, प्रतिघन्टा १ हजार ७ सयमा ट्याक्टर खेत जोतेर, व्यापारीलाई सस्तो मुल्यमा धान बेच्न हामी बाध्य छौ, सरकारले तोकेको धानको मुल्यले व्यापारीलाई मात्रै फाईदा भएको छ' रामलालले भने ' किसानको लागि वडा र नगरपालिकाले केही सहयोग गर्दैनन्,अव खेत बेचेर नगरपालिका र मालपोतको कर तिनुपर्ने अवस्था छ ।'
रामलालको १३ जना परिवारको मुख्य आयश्रोत खेतिपाती नै हो ।
सरकारले यसपटक धानको सर्मथन मुल्य मोटा जातको धानको २ हजार ९सय ६७ र मसिनो जातको धानको मुल्य ३ हजार १ सय २८ निर्धारण गरेको छ । जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना जिल्ला ईकाइले निश्चित कृषि सहकारी मार्फत धान खरिद गर्ने गर्दछ ।
सो परियोजनाका बारा जिल्ला प्रमुख डा. हेमचन्द्र जैशवालले सरकारले केन्द्रबाटै धानको समर्थन मुल्य ढिलो गरी कार्यन्यवन ल्याएको कारण अधिकाशं किसानको धान बिक्री भईसकेको बताए ।



'बारा जिल्लामा ४ वटा कृषि सहकारीसँग सम्झौता गरेर किसानको धान खरिद गर्ने काम भईरहेको छ, यसपटक सम्झौता ढिला हुदाँ अधिकाश धान व्यापारीको गोदाममा पुगिसकेको कुरा सत्य हो, यस्मा हाम्रो कुनै भुमिका हुदैन सबै निर्णय केन्द्रबाट हुन्छ' प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बाराका प्रमुख डा. जैशवालले भने ।
कृषि ज्ञान केन्द्रका अनुसार बारा जिल्लामा ३ सिजनमा किसानले धानखेती भित्राउने गर्दछन् । चैतमा उत्पादन हुने धान १५ हजार ५१० हेक्टरमा खेती हुने गर्दछ जस्को ६८ हजार ३९९ मेट्रिकटन उत्पादन हुन्छ । भदौ महिनामा भित्राउने धान ११ हजार १०५ हेक्टरमा खेती हुन्छ भने ५१ हजार १९१ मेट्रिकटन उत्पादन हुने कृषि ज्ञान केन्द्र बाराका वाली विकास अधिकारी राजनारायण प्रसाद साहले जनाएका छन् । सबैभन्दा धैरै मंसिर महिनामा भित्राउने धान ३४ हजार ११५ हेक्टरमा खेती हुने र उत्पादन १ लाख ४३ हजार २८३ मेट्रिकटन हुने साहले जनाए । 'हामीकहाँ धान उत्पादनका लागि लाग्ने लागत र बजार मुल्यमा बिक्री गर्दा किसानलाई कति फाईदा हुन्छ भन्ने तथ्याकं नभएपनि धान खेतीमा खास फाईदा देखिदैन' वाली विकास अधिकारी साहले भने 'सरकारले धानको सर्मथन मुल्य तोकेपनि त्यसको पनि सिमित कोटा हुन्छ, धान हुने सबै किसानले सर्मथन मुल्यमा बिक्री गर्न सक्दैनन्' बारामा हालसम्म सरकारले तोकेको सर्मथन मुल्यमा हालसम्म ३ देखि ४ हजार मेट्रिकटन मात्रै खरिद गरेको सुपरजोन कार्यक्रमले जनाएको छ । डिभिजन वन कार्यालयको तथ्याकं अनुसार बारामा ६९ हजार ५१६ हेक्टर कृषि भुमि रहेको छ ।

## खानाको गाँससंगै धुलो खान ..........................

पछिल्लो समय हुलाकी सडकसडक आसपासका नागरिक स्वासप्रस्वासको समस्या लिएर अस्पताल आउने क्रम बढेको स्वास्थ्यकर्मीले बताएका छन् । यसरी स्वासप्रस्वासको समस्या भएर आउनेमा बृद्धबृद्धा र स्कुले विद्यार्थी रहेका बताए ।
हुलाकी सडक निर्माण कार्य आरम्भ भएको लामो समय भएपनि निर्माण सम्पन्न नहुँदा सडक आसपासका दजनौं विद्यालयमा पाठन गर्ने विद्यार्थीहरु प्रत्यक्ष प्रभावित भएका हुन् ।
सर्लाहीमा मात्र हुलाकी सडकले सदरमुकाम मलंगवा सहित भारतीय सीमा नजिकका ५० ग्रामीण बस्तीलाई छुन्छ । यस क्षेत्रमा पुस्ता परिवर्तन भएपनि सडक भने परिवर्तन हुन नसकेको नागरिकको गुनासो छ । राणाकालिन समयमा निर्माण भएको हुलाकी सडकले काँचुली फेर्न नसक्दा यस क्षेत्रका स्थानीय हिउँदमा धुलो र वर्षामा हिलोले सासती खेप्न बाध्य छन् ।
बाटोमा चल्ने सवारी साधनले उडाएको धुलो यस क्षेत्रका नागरीकले खानाको हरेक गाँसमा धुलो निल्न विवस छन् ।
जिल्लाको पुर्व संग्रमपुरदेखि पश्चिम बलरासम्मको हुलाकी सडकको अधिकांस भाग अहिले पनि कालोपत्रको पर्खाईमा छ । २०७३ सालमा पाँच वर्ष भित्र हुलाकी सडक कालोपत्र गर्न भनेर तीन प्याकेजमा ठेक्का लागेको थियो । ६४ करोडमा ठेक्का पाएको ठेकेदारको समय सिमा समाप्त भइसक्दा पनि सडकको अधिकांस भाग अहिले पनि जिर्ण नै छ । उनीहरु म्याद थप गराउँदै कछुवाको गतीमा काम अघि बढाइरहेका छन् । जसले सर्वसाधारण अझैपनि धुलो तथा हिलोमय जीवन बाँच्न बाध्य भएका छन् ।






डिसेम्बर ८, २०२२ मा लिइएको यो हवाई तस्बिरले दक्षिण चीनको हङकङमा रहेको त्सेङ क्वान ओ क्रस बे ब्रिज देखाउँछ। "हङकङको त्सेउङ क्वान ओ क्रस बे ब्रिज ट्राफिकको लागि खुल्यो" (यान जिनवेन/सिन्हुआ द्वारा फोटो)

# "खेलकुदका गतिविधि बढाउनुपर्छ"

भजनी, २६ मङ्सिर
कैलालीको टीकापुरका गजेन्द्र शाही (गज्जु) फुटबलका लागि निकै लोकप्रिय नाम हो। सानै उमेरदेखि फुटबल खेलमा निपुण हुँदै गएका उनको ऊर्जावान समय खेलकुदमै बित्यो। उहाँले मेयरकपबाट फुटबल खेल सुरुआत गरेका थिए। तत्कालीन समयमा टीकापुरका लागि मेयर कप निकै महत्वपूर्ण खेलकुद प्रतियोगिताको रुपमा चिनिन्थ्यो।उनले फुटबल खेल्दै जाँदा थुप्रै फुटबल प्रतियोगिता खेल्ने अवसर पनि पाए।

शाहीले ए डिभिजन लिगसम्मको फुटबल यात्रा पुऱ्याएको बताउँदै सुदूरपश्चिमलाई मेडल जिताउन सफल भएको बताए। २०७१ मा सुदूरपश्चिमबाट राष्ट्रिय लिग खेलेको थिए। मुख्यमन्त्री कपको सुदूरपश्चिमको कप्तानी गर्ने अवसर पनि पाए। शाहीले भने, पाँच वर्षदेखि सुदूरपश्चिमको कप्तानको रुपमा काम गरे। मेरा लागि खेलकुद सुखद् र दुःखद् दुवै रह्यो। खप्तड गोल्डकप २०७६ को उपाधि पनि शाहीले कप्तानी गरेको टिमले हात पार्न सफल भएको थियो। उनी पहिलेका खेलकुदका गतिविधि हेर्ने हो भने अहिले खेलकुद क्षेत्र स्थानीय क्षेत्रबाट हराउँदै गएकोजस्तो देखिएको बताउछन।

टीकापुरलाई चिनाउन खेलकुद क्षेत्रको भूमिका महत्वपूर्ण रहेको उनले बताए। शाही खेलबाट भविष्य सुनिश्चित नभएकै कारण होटल व्यवसाय सञ्चालन गर्दै पनि आएका छन। कैलालीको जानकी गाउँपालिका खैरिफाटका विष्णु भाट १७ वर्षको उमेरदेखि भलिबल खेल सुरु गरे। सानैमा गाउँमा मोजा भित्र कागजका टुक्रा हालेर भकुण्डो भनाएर खेल्न सुरु गरेका भाटले २०५७ मा पहिलो भलिबल प्रतियोगिता गाविसस्तरीय खेलेका थिए। त्यसभन्दा पछि उहाँ क्षेत्रीय हुँदै राष्ट्रियस्तरको खेलमा समेत थुप्रै खेल खेले। त्यति मात्र नभई सुदूरपश्चिमबाट राष्ट्रिय कप्तानको अवसरसमेत पाउनुभएका भाटले खेल जीवनबाट सन्यास लिइसकेका छन। खेल पनि एक नशाजस्तै हो। जहाँ भविष्य छैन भन्ने थाह पाउँदापाउँदै पनि लागि सकेपछि छोड्न सकिँदैन। विष्णुले भने, पहुँचकै आधारमा खेलाडीले अवसर पाउँछन्। राम्रो सम्भावना भएको खेलाडी अहिले पनि ओझेलमा परेका छन्। उनले खेलकुद मैदानकै अभावमा समुदायस्तरमा रहेका थुप्रै खेलाडीले अवसर पाउन नसकेको बताएका छन। उनले स्थानीय सरकारले पनि खेलकुद क्षेत्रको विकासका लागि काम गर्न नसकेको बताए। टीकापुरको वीरेन्द्र विद्यामन्दिर माध्यमिक विद्यालयका पुर्व शिक्षक अर्जुन ठकुल्लाको खेलकुद क्षेत्रमा ठूलो योगदान छ। सेपेकताक्रो खेलका अन्तर्राष्ट्रिय रेफ्रीसमेत रहेका ठकुल्लाले थुप्रै खेलाडीलाई उत्प्रेरणा दिएको मात्रै छैन आफ्नै खर्चमा समेत कैयौं प्रतियोगितामा सहभागिता जनाउन पुगेका छन। टीकापुरबाट एथलेटिक्समा सिमा चौधरी, सेपेकताक्रोमा गङ्गा चौधरी, मुकुन्द गौतमलाई राष्ट्रियस्तरको खेलमा सहभागी गराई उपाधि जिताउन सफल हुनुभएका ठकुल्ला आर्थिक अवस्थाका कारणले कैयौं खेलाडी विस्थापित हुँदै गएको बताउछन। थुपै खेलाडीमा सम्भावना छन् तर आर्थिकले तिनलाई खेल क्षेत्रमा बन्देज बनाइदिएको छ।

सरकारले खेलकुदमा लगानी गर्दैन। ठकुल्लाले भने, स्रोतसाधनको अभाव, स्थानीय सरकारको उदासिनताले पनि खेल क्षेत्र अगाडि बढ्न सकेको छैन भने कैयौं प्रतिभा भविष्य सुनिश्चित नदेखेकै कारण पनि आउन सकेका छैनन्। उसो त टीकापुर क्षेत्रमा खेलकुदको निकै सम्भावना छ। टीकापुरमा २२ बिघा जग्गा खेलकुदको नाममा छ। टीकापुर खेलकुद विकास समितिको नाममा रहेको उक्त जग्गा यतिबेला गौचरनमा परिणत छ। करोडौं बजेट खर्च हुँदा पनि खेलकुद मैदानलाई सञ्चालनमा ल्याउन सकिएको छैन। बर्सेनि बजेट आउने तर टुक्रे बजेटले कुनै काम पूरा नहुँदा टीकापुरमा खेलकुद मैदानको अभावमा खेलकुदका गतिविधि अगाडि बढ्न सकेका छैनन्। स्रोत हुँदाहुँदै पनि त्यसको योजनाबद्ध रुपमा काम हुन नसक्दा कैयौं खेल क्षेत्रमा आफ्नो भविष्य देखेका विस्थापितको अवस्थामा पुगेका छन्। टीकापुर नगर खेलकुद विकास समितिको नाममा रहेको जग्गा उपयोगका लागि स्थानीय सरकारले पनि कुनै ठोस योजना ल्याउन सकेको छैन। नगर खेलकुद विकास समिति पनि निकै निष्क्रिय छ। खेलकुद मैदानकै अभावमा खेलाडी खेलकुदका गतिविधिबाट वञ्चित हुनुपर्ने अवस्था रहेको भलिबल खेलाडी लोकेन्द्र साउँद बताउछन। टीकापुरमा खाली जग्गा जति पनि छ। त्यसलाई थोरै लगानी गरेर खेलकुद मैदानको रुपमा विकास गर्न सकिने भए पनि त्यो हुन सकेको छैन। साउँद भन्छन, बिना तयारी कुनै प्रतियोगितामा जाँदा परिणाम आफू अनुकूल आउँदैन। गत वर्ष टीकापुर नगरपालिकाले कभर्डहलमा निर्माणका लागि तत्कालीन नगर प्रमुख तपेन्द्रबहादुर रावलले शिलान्यास गरेका थिए। नगर विकास समितिको रु दुई करोड बजेटबाट कभर्डहल निर्माणको कार्य प्रारम्भ गर्ने भनिए पनि बजेट व्यवस्थापन नहुँदै शिलान्यास भएको कभर्डहल निर्माण नै हुन सकेको छैन। चालु आर्थिक वर्षमा पनि कभर्डहल निर्माणका लागि बजेटको व्यवस्थापन नभएको नगरपालिकाकी लेखा प्रमुख लक्ष्मण ओड बताउछन।

नगरपालिकाले चालु आवमा करिब रु ३० लाख बजेट खेलकुदका लागि छुट्याएको छ। सोमध्ये रु १५ लाख नगरस्तरीय मेयर तथा उपमेयर कपका लागि छ छ भने बाँकी अन्य स्थानीय तहमा हुने प्रतियोगिताको लागि भनिएको छ। नगर प्रमुख रामलाल डङ्गौरा थारुले खेलकुद क्षेत्रको विकासका लागि निकै गम्भीर रहेको बताए। खेलकुद प्रतियोगिताका लागि नगरपालिकाले पर्याप्त बजेटको व्यवस्था गरेको छ। संरचना निर्माणको लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय भइरहेको छ। नगर प्रमुख थारुले भने, खेलकुदको विषयमा हामी गम्भीर छौं। म आफैं पनि खेलाडी भएकाले खेलाडीलाई अब निराश हुने अवस्था रहन दिने छैन।रासस

# आफनो विदेश नीति समीक्षा गर्दै साउदी र मध्यपूर्वका मुलुक

साइप्रस, २६ मङ्सिर
चीनका राष्ट्रपति सी चिनफिङको तीनदिने साउदी अरबको राजकीय भ्रमणपछि साउदीसहित मध्यपूर्वका देशहरू अमेरिका र चीनप्रतिको आफ्नो विदेश नीतिको समीक्षामा जुटेका छन्। चिनियाँ नेता सीको गत साता भएको साउदी अरबको भ्रमण, त्यस क्रममा साउदी सरकारका उच्च प्रशासक र खाडी सहयोग परिषद् (जिसिसी) नेताहरूसँग बेग्लाबेग्लै भएका वार्ताका साथै रियादसँग गरिएका दर्जनौं सम्झौताले खाडी क्षेत्रमा बेइजिङले आफ्नो प्रभाव बढाउन खोजिरहेको स्पष्ट हुन्छ। सीको यो भ्रमणले अमेरिकाप्रतिको रियादको दृष्टिकोण तथा चीनसँगको सम्बन्धलाई पुनः समीक्षाको स्थितिमा पुऱ्याएको छ। गत साउनमा अमेरिकी राष्ट्रपति जो बाइडेन रियाद पुग्दा साउदी युवराज मोहम्मद बिन सलमानले उहाँलाई गरेको स्वागतको विपरीत चिनियाँ नेतालाई गत बुधबार भव्यताका साथ गरिएको न्यानो स्वागत अनौठो थियो। अचम्म मान्न आवश्यक छैन किनकी चीन साउदी अरबको सबैभन्दा ठूलो ग्राहक र व्यापार साझेदार हो। राष्ट्रपति सीको भ्रमणलाई दुई देशबीचको सम्बन्धमा महत्वपूर्ण आयाम थपिएको र त्यसलाई कोसेढुङ्गाको रूपमा वर्णन गरिएको छ भने वासिङ्टनलाई अपमान गरिएको छ।

दुवै देशका राष्ट्रपतिलाई रियादले गरेको व्यवहारलाई विश्लेषण गर्दा साउदीले अमेरिकाभन्दा चीनलाई अधिक महत्व दिएको प्रतीत हुन्छ। चीनले साउदी अरब र खाडी राष्ट्रहरूलाई प्रस्ताव गरेको व्यावसायिक प्रलोभनमा नपर्न अमेरिकाले बारम्बार आग्रह गरेकाले पनि वासिङ्टनप्रतिको रियादको व्यवहारमा परिवर्तन आएको हुनसक्छ।

साथै अमेरिकाले युक्रेनमा भएको रुसी आक्रमणविरुद्ध लाग्न तथा अमेरिकासतिका पश्चिमा देशले मस्कोमाथि लगाएको प्रतिबन्धमा सामेल हुन गरेको आह्वान पनि त्यसको कारण हुनसक्छ। चिनियाँ नेताले ८६ वर्षीय राजा सलमान बिन अब्दुलाजिज र साउदी अरबका वास्तविक शासक युवराज मोहम्मद बिन सलमानसँग वार्ता गरे। उनले साउदी अरबसँगको आफ्नो देशको सम्बन्धको विकास उसको वैदेशिक सम्बन्ध र मध्यपूर्वको कूटनीतिमा प्राथमिकतामा रहेको बताएका थिए। राष्ट्रपति सी र राजा सलमानले विस्तृत रणनीतिक साझेदारी सम्झौतामा हस्ताक्षर गरे। उक्त सम्झौतासँगै दुई देशबीचको सम्बन्धमा नयाँ युगको थालनी भएको चिनियाँ राष्ट्रपतिले बताएका थिए। साउदी नरेशले विकास-निर्माणका क्षेत्रमा चीनले हासिल गरेको अद्वितीय उपलब्धिको सराहना गर्दै उसका हरप्रयासको समर्थन गर्दै थप चिनियाँ कम्पनीहरूलाई आफ्नो देशको औद्योगिकीकरणको प्रक्रियामा सक्रियरुपमा भाग लिन आमन्त्रित गरेका थिए। चिनियाँ राष्ट्रपतिको राजकीय भ्रमणको अवसर पारेर सूचना प्रविधि, यातायात, पूर्वाधार निर्माण, चिकित्सा सेवालगायत द्विपक्षीय सहकार्य र साझेदारीका निम्ति ३० अर्बका ३४ वटा सम्झौतामा हस्ताक्षर भएका छन्। साउदीमा रहँदा राष्ट्रपति सीले पहिलो चीन-अरब राष्ट्र शिखर सम्मेलन र चीन-खाडी सहयोग परिषद् शिखर सम्मेलनमा भाग लिनुभयो भने करिब २० जना अरब नेतासँग बेग्लाबेग्लै भेटवार्ता गरे। ती भेटवार्ता जनवादी गणतन्त्र चीन स्थापना भएपछि पहिलोपटक भएका हुन्। अरब जगत्सँग चीनको यो सबैभन्दा ठूलो र उच्चस्तरीय कूटनीतिक कार्य पनि हो। विगत दश वर्षमा चीन र अरब राष्ट्रबीचको व्यापारमा उल्लेखनीय वृद्धि भएको छ। बितेका दश वर्षमा यो तीन खर्ब अमेरिकी डलरभन्दा बढीले वृद्धि भएको छ। चीनले केही अरब मुद्दा र विशेषगरी प्यालेस्टाइन मामिलामा निरन्तर समर्थन गर्दै आएको छ। चीन-खाडी सहयोग परिषद् शिखर सम्मेलनमा चिनियाँ नेताले हरित अर्थतन्त्र र विकासमा लगानी सहयोग सुदृढ गर्न, द्विपक्षीय लगानी र आर्थिक सहयोगका लागि संयन्त्र स्थापना तथा परिषद्का सदस्य देशसँग मिलेर काम गर्न चीन तयार रहेको बताए। यहाँ विचारणीय के छ भने केही दशकअघिसम्म साउदी अरब र खाडी क्षेत्रका राजतन्त्रहरू निश्चित रूपमा कम्युनिष्ट विरोधी र संयुक्त राज्य अमेरिकाका दृढ समर्थक थिए। उनीहरू बेइजिङसँग घनिष्ठ सम्बन्ध कायम नराख्नु नै श्रेयस्कर सम्झन्थे। यद्यपि अहिले परिस्थिति बदलिएको छ, बिस्तारै आपसी सम्बन्ध सुमधुर बन्दै गएको छ। अमेरिकाले साउदीबाट इन्धन आयत क्रमशः घटाउँदै गएपछि अमेरिकासँगको साउदीको सम्बन्ध सुमधुर रहन सकेन। सन् २०१९ मा इरान समर्थित यमनी हुथीहरूले साउदी तेल प्रतिष्ठानमाथि क्षेप्यास्त्र प्रहार गरेर साउदी अरबको तेल उत्पादनको अवरोध खडा गरे। कठिन परिस्थितिको सामना गर्न साउदीलाई अमेरिकाले एक्लै छाडेपछि रियादले अमेरिकी प्रतिबद्धतामा गम्भीर आशङ्का व्यक्त गऱ्यो जसले साउदी-अरब सम्बन्धलाई अझ तिक्त तुल्यायो। युनाइटेड इमिरेट्स (युएई)सँग पनि अमेरिकी व्यवहार साउदीसँगको जस्तै रह्यो। यसै वर्षको प्रारम्भमा हुथीले 'ड्रोन' र क्षेप्यास्त्र आक्रमण भए तर अमेरिका मौन रह्यो। इरानसँगको आणविक सम्झौतालाई पुनर्जीवित गर्ने अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रयासबाट साउदी र युएई क्रोधित भए जसले साउदी र अन्य खाडी राष्ट्रलाई आफ्नो राष्ट्रिय हित पहिलो स्थानमा राख्ने निर्णयमा पुऱ्यायो। साथै उनीहरूले अमेरिकी आग्रह र अह्वानलाई नमान्ने निर्णय गरे। अमेरिका र युरोपेली सङघको बारम्बारको आह्वानलाई वेवास्ता गर्दै उनीहरूले युक्रेनमाथिको आक्रमणका लागि मस्कोविरुद्ध प्रतिबन्ध लागू गर्न अस्वीकार गरे। युरोपेली देशमा रुसी इन्धनमाथि लगाइएको प्रतिबन्धको प्रभावलाई सीमित गर्ने पश्चिमा राष्ट्रको चाहना अधुरो रह्यो। अमेरिकाले विश्वको अन्यत्र ध्यानाकर्षण गरेका बेला साउदी र अन्य खाडी राष्ट्रहरूसँगको सम्बन्ध तनावपूर्ण रहेको अवस्थामा अरब मुलुकले आफ्नो विदेश नीतिलाई पुनः समीक्षा गर्न र चीनसँगको सम्बन्धलाई सुमधुर बनाउन खोज्नु स्वाभाविक हो। बाइडेन प्रशासनले झै चीन सरकारले आफ्नो विशेष सम्बन्ध भएका देशमा मानव अधिकारको सम्मानको बारेमा कहिल्यै प्रश्न उठाउँदैन जसले खाडी देशलाई बेइजिङसँग नजिक पुऱ्याएको छ। र, चीनले खाडी र मध्यपूर्वमा आफ्नो प्रभाव विस्तार गर्न गम्भीर प्रयास गरिरहेको छ।(रासस/एएनआई)

# भारतको लागि रुसको पुनः समर्थन



मस्को, २६ मङ्सिर
रुसले राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा भारतको स्थायी सदस्यताका लागि फेरि एकपटक आफ्नो समर्थन दोहोऱ्याएको छ। साथै उसले विश्वव्यापी र क्षेत्रीय मुद्दामा नयाँदिल्लीको अडानले परिषद्को गरिमा बढाएको बताएको छ। हालै यहाँ भएको प्रिमकोभ रिडिङ्स इन्टरनेशनल फोरममा सञ्चारकर्मीको प्रश्नको जवाफमा रूसी विदेशमन्त्री सर्गेई लाभरोभले परिषद्को स्थायी सदस्यमा भारतलाई आफ्नो देशको समर्थन रहेको बताएका हुन। आर्थिक वृद्धिका दृष्टिले विश्वका अग्रणी देशमध्ये भारत एक हो, भारतसँग विश्वमा देखिएका विभिन्न प्रकारका समस्या समाधान गर्ने ठूलो कूटनीतिक अनुभव छ, उनले भने। भारतले संयुक्त राष्ट्रसङ्घमा सक्रिय भूमिका निर्वाह गर्नसक्ने तथा साङ्घाइ सहयोग सङ्गठन (एससीओ) भित्र पनि दक्षिण एसियामा एकीकरण संरचनाको दायरालाई विस्तार गर्नसक्ने बताउँदै रुसी विदेशमन्त्रीले भारतलाई परिषद्को स्थायी सदस्यता बनाउँदै विश्व संस्थाको महत्वपूर्ण अङ्ग अझ लोकतान्त्रिक हुने विचार व्यक्त गरे। यसअघि पनि विदेशमन्त्री लाभरोभले राष्ट्रसङ्घको ७७ औं महासभालाई सम्बोधन गर्ने क्रममा अफ्रिका, एसिया र ल्याटिन अमेरिकी देश सुरक्षा परिषद्मा समावेश भएमा परिषद् थप लोकतान्त्रिक एवम् सुदृढ हुने अभिमत जाहेर गरेका थिए। महासभामा उनले विशेष गरी भारत र ब्राजिल प्रमुख अन्तर्राष्ट्रिय शक्ति भएकाले उनीहरूलाई परिषद्को स्थायी सदस्यता प्रदान गर्नुपर्ने बताएका थिए।

पन्ध्र राष्ट्र सदस्य रहेको परिषद्का पाँच स्थायी सदस्यमध्ये अमेरिका, बेलाइत, फ्रान्स र रुसले भारतलाई स्थायी सदस्यताका निम्ति समर्थन गरेका छन् भने चीन त्यसमा मौन छ। सुरक्षा परिषद्को अस्थायी सदस्यका रूपमा भारतको दुई वर्षको कार्यकाल यही महिना समाप्त हुँदैछ। चक्रीय प्रणालीअन्तर्गत अहिले भारतले परिषद्को अध्यक्षता गरिरहेको छ।

यसअघि पनि संयुक्त राष्ट्रसङ्घका लागि बेलाइत राजदूत बार बरा वुडवर्डले भारत, जर्मनी, जापान र ब्राजिलका लागि नयाँ स्थायी सदस्यता प्रदानका साथै परिषद्मा स्थायी अफ्रिकी प्रतिनिधित्व हुनुपर्नेमा जोड दिएका थिए। राष्ट्रसङ्घीय महासभाको पूर्ण बैठकमा फ्रान्सले पनि सुरक्षा परिषद्को प्रभावकारिताका निम्ति सदस्य सङ्ख्यामा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने अभिमत जाहेर गरेको थियो। (रासस/एएनआई)

# विश्वकपको सेमिफाइनल र फाइनलमा खेलाउने बल सार्वजनिक




२६ मंसिर, काठमाडौं
फिफा विश्वकप २०२२ मा सेमिफाइनल र फाइनलमा खेलाउने नयाँ बल सार्वजनिक गरिएको छ।'अल हिल्म' नामक बल यसपालिको सेमिफाइनल र फाइनलमा खेलाउने बल हो। अल हिल्म एक अरेबिक शब्द हो।

जसको अर्थ 'द ड्रिम' अर्थात सपना हो।यो बल समुह चरणमा खेलाइएको बल भन्दा फरक छ। समूह चरणमा 'अल रिहला' अर्थात 'द जर्नी' नामक बल खेलाइएको थियो।यो नयाँ बलमा अल रिहलाको जस्तै प्रविधिको प्रयोग गरिएको छ। जसबाट बलबारे निर्णय लिन निकै सहज हुने गरेको छ। यस पटकको विश्वकपमा बलको पोजिसन थाहा पाउन सेन्सर टेक्नोलोजी जडान गरिएको छ।यो बलले खेलाडीको पोजिसनसमेत थाहा पाइने हुनाले भिडियो एनालिस्टलाई पनि सहज हुने गरेको छ। बल भित्र आईएमयू सेन्सर जडान गरिएको छ।यो बलमा पनि अल रिहला जस्तै अर्ध स्वचालित अफसाइड सिस्टमलाई जडान गरिएको छ।

फिफाका फुटबल टेक्नोलोजी एन्ड इनोभेसनका निर्देशक जोहान्स होल्जमुलर भन्छन्, 'बलमा टेक्नोलोजी जडान गरेर एडिडासले सूचना प्रवाह गर्न र भिडियो म्याच अफिसियललाई पनि डाटा निकाल्न निकै सहज भएको छ। यस प्रकारको बलले मैदानमा अनौठो क्षणको बारेमा पनि जानकारी राख्न सहज भएको छ।'यो बलमा प्रयोग भएको गम पूर्णतया वातावरण मैत्री रहेको पनि उनले बताए। फिफा विश्वकप सेमिफाइनल र फाइनल खेलाउने बलमा प्रयोग भएको मसी र गम पानीमा आधारित रहेर बनाइएको छ। यो बलको डिजाइनमा एक सानो त्रिभुज छ।

जसले दोहा वरपरको मरुभूमिलाई संकेत गर्छ। फिफा विश्वकपको ट्रफीको रंग पनि त्यस्तै छ। र कतारको झन्डाको रंगलाई समेत ध्यानमा राखेर यो बलको डिजाइन गरिएको छ।

### चालु पूँजी कर्जा मार्गदर्शन खारेज गर्न माग

# उद्योगी व्यवसायी कालोपट्टी बाधेर बिरोधमा

मधेशदृष्टि
बारा, मंसिर २६

नेपाल राष्ट्र बैंकले जारी गरेको चालु पूँजी कर्जा मार्गदर्शन २०७९ खारेज गर्नुपर्ने माग राख्दै सिमरामा सोमबार संघ बारा, यातायात व्यवसायी संघ, ढुवानी व्यवसायी संघ, सुनचाँदी व्यवसायी संघ, निर्माण व्यवसायी संघ, बारा जग्गा तथा आवास विकास संघलगायत बस्तुगत संघसंस्थाले व्यवसायिक वातावरण नबनेको भन्दै मार्गदर्शन खारेजीको माग राष्ट्र बैंकले कात्तिक १ गतेदेखी लागु हुने गरी चालु पूँजी कर्जा मार्गदर्शन २०७९ जारी गरेको थियो ।उक्त मार्गदर्शनले बैंक तथा वित्तिय संस्थालाई चालुपुँजी कर्जामा नयाँ व्यवस्था लागु गरेको छ ।उद्योगी व्यवसायीले भने उक्त व्यवस्थाका कारण




उद्योगी व्यवसायीले विरोध प्रदर्शन गरेका छन् । उद्योगी तथा व्यवसायी आवद्ध संघसंस्थाले मार्गदर्शन खारेजीको मागसहित कालोपट्टी लगाएर विरोध प्रदर्शन गरेका हुन् । जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघ, जीतपुरसिमरा चेम्बर अफ कमर्स, होटल तथा पर्यटन व्यवसायी गरेका हुन् ।व्यवसायीले 'करदाताको रक्षा गर', 'गरिखान देउ' लगायतको प्लेकार्डसहित सिमरा बजारमा प्रदर्शन गरेका हुन् ।व्यवसायीले कर्जा ब्याजदर घटाउन समेत माग गरेका छन् । विरोध प्रदर्शनमा जीतपुरसिमराका सयौं व्यवसायी सहभागी रहेका थिए ।

व्यापार व्यवसाय झन धरासायी बन्ने र मुलुकको अर्थतन्त्र गम्भिर स्थितीमा पुग्ने बताउदै आएका छन् ।

मुलुकको अर्थतन्त्र उकास्न र उद्योग तथा व्यवसाय धरासायी हुन नदिन मार्गदर्शन तत्कालका लागि भएपनि खारेज गर्नुपर्ने माग राखेका छन् ।

# सिर्सिया प्रदुषण मुक्त बनाउने अभियान



मधेशदृष्टि
वीरगंज, २६ मंसिर

वीरगंजको सभ्यता र संस्कृतिसँग जोडिएको सिर्सिया नदीलाई प्रदुषण मुक्त बनाउन वीरगंज महानगरपालिका सहित सरोकारवाला निकाय जुट्न थालेका छन् । वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको अध्यक्षतामा सम्पन्न सिर्सिया नदी प्रदूषण नियन्त्रण अभियानको बैंठकले पानी प्रशोधन नगरी फोहोर पानी नदीमा मिसाउने उद्योगलाई कारवाहीको दायरामा ल्याउने निर्णय गरेको छ । सिर्सिया नदीमा फोहोर पानी नफाल्न उद्योगहरुलाई सिर्सिया नदी प्रदूषण नियन्त्रण अभियानले आह्वान गर्ने र त्यसको अटेरी गर्नेलाई कारवाही गर्ने जनाईएको छ। उद्योगबाट निस्कने फोहोर पानी सोझै मिसाउँदा नदी प्रदूषित भएको भन्दै पानी सुद्धिकरण गरेर मात्रै नदीमा मिसाउन पनि अभियानले आग्रह गरेको छ ।

बैठकले पानी प्रशोधन प्लान्ट नभएकालाई बनाउन लगाउँने र भएकाले प्रशोधन गरेर मात्रै नदीमा छाड्ने वातावरण बनाउन अनुगमनमा कडाई गर्नुपर्ने निर्णय गरेको छ । पानी प्रशोधन नगरी उद्योगबाट निस्कने हानिकारक फोहोर सोझै नदीमा मिसाउँदा सिर्सिया नदी वर्षौदेखि दुर्गन्धित हुँदै आएको छ ।

नदीलाई स्वच्छ बनाउँदै सफा पानी बग्ने बनाउन सबैको साथ चाहिने भन्दै बैठकमा नगर प्रमुख सिंहले यसका लागि यहाँका उद्योगहरु बढी जिम्मेवार बन्नुपर्ने बताए । उद्योगीहरुले आफ्नो उद्योगबाट निस्कने फोहोर पानी प्रशोधन नगरी नदीमा मिसाउँदा नदी प्रदूषित भएकाले अबदेखि प्रशोधन गरेर मात्रै नदीमा मिसाउने व्यवस्था मिलाउनु पर्नेमा नगर प्रमुख सिंहले जोड दिएका छन् ।

बैठकले सिर्सिया नदीको वास्तविक क्षेत्र 'राइट अफ वे' निर्धारण गर्ने निर्णय पनि गरेको छ। 'राइट अफ वे' निर्धारणका लागि नापी कार्यालय र वीरगञ्ज महानगरका प्राविधिक कर्मचारीको टोलीलाई जिम्मा दिइएको छ । नदीको स्थलगत रुपमा नापजाँच गरी 'राइट अफ वे' तय गरेर प्रतिवेदन बुझाउन टोलीलाई बैठकले एक महिनाको समय दिएको छ । दिनप्रतिदिन नदी अतिक्रमण हुँदै साघुँरिँदै जाँदा नदी नै विलय हुनसक्ने भन्दै त्यसका लागि नदीको वास्तविक क्षेत्र पत्ता लगाउन प्राविधिक टोली खटाउने बैठकले निर्णय गरेको हो ।

सिर्सिया नदिको वास्तविक क्षेत्र कति हो भन्ने एकिन गरी नदी प्रणालीको वातावरणीय प्रवद्धन र अतिक्रमण नियन्त्रणका लागि पहल थालिएको हो । बैठकमा सहभागि वीरगञ्ज उद्योग वाणिज्य संघका अनिल कुमार अग्रवालले नदी प्रदूषण नियन्त्रणका लागि सबै उद्योगीहरु तयार हुनुपर्ने बताए । उद्योगमा ट्रिटमेन्ट प्लान्ट जडान गर्न केही समय दिनुपर्ने धारणा अग्रवालको थियो ।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेलले उद्योगिले आफ्नो धर्म निभाए सिर्सिया नदीमा हुने गरेको प्रदूषण नियन्त्रणमा आउँने बताए ।

बैठकमा महानगरका उपमेयर इम्तियाज आलम, सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेल, महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल, जितपुर सिमरा उपमहानगरपालिकाका उपप्रमुख भोला प्रसाद अधिकारी, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरीक्षक निर्मल बुढाथोकी, घरेलु तथा साना उद्योग कार्यालयका धनन्जय कुमार सिंह, नापी कार्यालय पर्साका नारायण कुमार श्रेष्ठ, महानगरको वन तथा वातावरण शाखाका देवेन्द्र चौधरी लगायतको उपस्थिति

# ग्रामिण क्षेत्रमा नगरबासीलाई सास्ती

मधेशदृष्टि
वीरगंज, २६ मंसिर

महानगर भएर पनि भौतिक पूर्वाधारको विकास नहुँदा वीरगंजको उत्तरी तथा पश्चिम क्षेत्रका बासिन्दाहरुले सास्ती खेप्नु परेको छ । विशेष गरी धुलोका कारण त्यस क्षेत्रमा हिड्ने बटुवा, साईकल, मोटरसाईकल तथा अटोमा यात्रा गर्ने यात्रुहरु तथा सडक दायाँ बायाका घरधनीहरु मर्कामा परेका छन् । पर्साको उत्तरी भेगका स्थानीयबासी बिशेष कामले



वीरगञ्ज महानगरपालिकाको ग्रामिण क्षेत्रका सडक जीर्ण हुँदा नगरबासीले सास्ती खेप्नु परेको हो ।

वीरगंज महानगरपालिकाको वडा नम्बर ३०,३१,३२ का मिलनचोक, बेलवा लगायतका क्षेत्रको सडक स्तरोन्नती नहुँदा नगरबासीले सास्ती भोग्दै आएका छन् । सडक जीर्ण भएका कारण सो क्षेत्रका सडक भई गुड्ने ठूला सवारी साधनले धुलो उडाउने गरेका छन् । वीरगञ्ज आउँनजान छोटो बाटोको रुपमा मिलनचोक बेल्वा सडकको प्रयोग गर्ने गर्दछन् । तर सोही सडक भएर गुड्ने टिपर, ट्याक्टरहरुले धुलो उडाउने हुँदा यात्रा कष्टकर हुने गरेको स्थानिय वासिन्दा बताउँछन् । मिलनचोक बेलवा सडकखण्डको कालोपत्रे भत्किएर जीर्ण भईसकेपनि महानगरले मर्मतमा चासो नदेखाएको स्थानियले गुनासो गरेका छन् ।

# विद्यालय वर्गिकरण र शुल्क निर्धारणले द्वन्द निम्त्याउने एन प्याप्सनको ठहर

मधेशदृष्टि
वीरगंज, २६ मंसिर

राष्ट्रिय निजी तथा आवासिय विद्यालय एशोसिएशन नेशनल प्याब्सनद्वारा वीरगंज महानगरपालिकाले नगर क्षेत्र भित्र रहेका संस्थागत विद्यालयहरुको वर्गीकरण र शुल्क निर्धारण प्रति आफ्नो गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

नेशनल प्याब्सनका जिल्ला अध्यक्ष राम कुमार श्रेष्ठ द्वारा जारी प्रेस विज्ञप्तीमा वीरगंज महानगरपालिकाको नियमावलीको दफा ९७ को 'क' मा संस्थागत विद्यालयहरुले लिने संघीय तथा प्रदेश कानुनले तोकेको मापदण्ड बमोजिम सम्बन्धित विद्यालयले शैक्षिक सत्र शुरु हुनु भन्दा ३ महिना अगावै आफ्नो विद्यालयको शुल्क खुलाई आउने शैक्षिक सत्रको निम्ति शिक्षा शाखामा प्रस्ताव पेश गर्नु पर्ने व्यवस्था रहेको उल्लेख गर्दै त्यस विपरित महानगर अगाडि बढेको बताइएको छ ।

विज्ञप्तीमा शुल्क आउँने शैक्षिक सत्रको निम्ति निर्धारण गरिने बताउँदै वीरगंज महानगरपालिकाले २०७९ जेठ १ गते देखि लागु हुने भनिएकोले व्यवहारिक नहुने बताइएको छ ।

विद्यालयले शुल्क उठाएर तिर्नु पर्ने शीर्षकमा तिरेर आयव्यय बनाएर कर तिरि सकेको अवस्थामा यो नियम लागु हुने कुरा व्यवहारिक नदेखिने उल्लेख गरिएको छ ।महानगरपालिकाको निर्णयले विद्यालयमा द्वन्द निम्त्याउने अवस्था सृजना भएको निचोड निकालिएको छ ।

नियमावलीको २ को ९७ ख को प्रयोजनार्थ समिति निर्माण गर्दा प्याब्सन तथा एन प्याब्सनको प्रतिनिधि नराखिनु आफैमा विधि र नियम संगत नभएको प्याप्सनको धारणा छ । संस्थागत विद्यालयको छाता संगठन प्याब्सन र एनप्याब्सनसँग परामर्श पनि नलिई गरिएको विद्यालयको वर्गीकरण र शुल्क निर्धारण विधि नियम र प्रक्रिया संगत नरहेको हुनाले हाल कार्यान्वयनन नगर्न सुझाइएको छ ।

महानगरको निर्णय कार्यान्वयन हुन व्यवहारिक नरहेको र द्वन्द सिर्जना गर्ने अवस्था रहेको हुँदा विधि नियम र प्रक्रिया संगत तरिकाले बर्गिकरण र शुल्क निर्धारण आगामी शैक्षिक सत्रको निम्ति गर्नुपर्ने एनप्याब्सनको ठहर रहेको कुरा विज्ञप्तीमा उल्लेख गरिएको छ ।

यसैगरी अभिभावक संघ पर्साले नगर क्षेत्र भित्रका संस्थागत विद्यालयहरुको शुल्क निर्धारण र वर्गीकरण सम्बन्धी वीरगंज महानगरपालिकाले गरेको निर्णयप्रति आपत्ति जनाएको छ ।

हालै जिल्ला प्रशासनमा दर्ता भएको संघका अध्यक्ष संदिप साहले सोमबार पत्रकार महासंघ पर्सा शाखाको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा महानगरले गरेको निर्णय आफूहरुलाई मान्य नरहेको बताए।

साहले महानगरपलिकाले अभिभावकमाथि अझ बढी आर्थिक भार थपिने गरी निर्णय लिएको भन्दै असन्तुष्टी व्यक्त गरे ।

साहले महानगरपालिकाले सार्वजनिक गरेको सूचीमा केही विधालयको साना कक्षामा अध्ययनरत विधार्थीहरुको शूल्क घटाएपनि माथिल्लो कक्षाहरुको शुल्क वृद्धि गरेको हुँदा यसले अभिभावकहरु बिच नै द्वन्द सृजना हुने धारणा राखे ।

महानगरपालिकाले अभिभावक संघर्ष समिति वैधानिक र जायज भए नभएको भन्दा पनि समितिले उठाएको माग जायज भएको भन्दै यसमा महानगरका नगर प्रमुख राजेशमान सिंहले ध्यान दिनुपर्नेमा जोड दिदै साह भने 'वर्गीकरण र शुल्क निर्धारण गर्ने विषयमा समिति गठन गर्ने क्रममा अभिभावक संघलाई समेटनु पर्नेमा महानगर एकलौटी रुपमा अघि बढ्यो ।'

# नारायणी उपक्षेत्रिय अस्पतालको सेवाबारे छलफल

मधेशदृष्टि
वीरगंज, २६ मंसिर

परिवर्तनको लागि राजनीतिक समूहले सोमबार नारायणी उपक्षेत्रीय अस्पताल वीरगंजमा पुगेर सेवाग्राहीहरुको समस्याको बारेमा निमित्त कार्यालय प्रमुख डा. खालिद हसन महेश सङ्ग छलफल गरेको छ ।

नारायणी अस्पतालमा आउने बिरामीहरुको समयमा डाक्टरसँग भेट नहुने, ल्याब पुर्णरुपले संचालन नहुने, अस्पतालको उचित सरसफाइ नभएको प्रति कार्यालय प्रमुखको ध्यानाकर्षण गराईएको समूहका सलाउद्दिन अहमदले जानकारी दिए । परिवर्तनका लागि राजनीति समूह वैचारिक क्रान्तिको लागि रहेकोले उक्त समुहले नारायणी अस्पतालको सम्पुर्ण बेतिथीहरु लाई न्यूनीकरण गर्न सम्बन्धित निकाय सम्म पुगेर समस्या समाधान गराउन प्रतिबद्ध रहेको अहमदले बताए ।

समुहका मुकेश द्विबेदी, तनबिर, शेख मुन्ना श्याम गुप्ता, सन्दीप साह, उमाशंकर गुप्ता ,नन्दलाल रौनियार लगायतको उपस्थिति रहेको थियो ।

बृहत नि:शुल्क स्वास्थ्य शिविर
(विशेषज्ञ डाक्टरहरुद्वारा नि:शुल्क उपचार)

डा. दिग्बिजय कु. ठाकुर
एम.बि.बि.एस. (नेपालगञ्ज मेडिकल कलेज, के.यू.)
एम.डि. (वीर हस्पिटल, काठमाण्डौ)
कन्सलटान्ट फिजिसियन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:10943

डा. अभय मण्डल
एम.बि.बि.एस.
एम.डि. (के.यु.) नेपाल
बाल रोग विशेषज्ञ
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:6200

डा. अनिल कुमार शाह
एम.बि.बि.एस. (के.यु.) नेपाल
एम.डि. (टि.यु.) नेपाल
नवजात शिशु तथा बालरोग विशेषज्ञ
N.M.C.No.:11493

डा. स्वाति ज्यसवाल
एम.बि.बि.एस., एम.डी. (पिजीआई, चंढीगढ)
Fellowship in infertility, New Delhi
स्त्री, प्रसुती तथा नि:सन्तान रोग विशेषज्ञ
N.M.C.No.:14019

डा. बीरेन्द्र भगत
MBBBS (BPKIHS, Dharan)
MD (PGI, Chandigarh)
Fellowship gynecologist (NAMS, Bir Hospital)
स्त्री, प्रसुती तथा क्यान्सर रोग विशेषज्ञ
N.M.C.No.:16286

डा. राजेश कुमार साह
एम.बि.बि.एस. (के.यु.)
एम.एस. (टि.यु.) नेपाल
जेनरल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
मेडिकल अधिकृत
N.M.C.No.:11070

डा. पंकज प्रताप देव
MBBS, MD
(Gold Medalist)
Gynaecologist Associate Professor
N.M.C.No.:6218

डा. सज्जन कुमार शर्मा
एम.बि.बि.एस. (के.एम.सी., काठमाण्डौ)
एम.डी. (नोबेल हस्पिटल, बिराटनगर
स्त्री तथा प्रसुति रोग विशेषज्ञ
N.M.C.No.:13652

डा.कुण्दन मिश्र
बि.डि.एस. (पटना, भारत)
डेण्टल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:4467

मि.दिनेश साह
आँखा सम्बन्धी
O.A.B. Optm
NHPC No.:A-476 OPT

शिविरका प्रमुख विशेषताहरु:-
१. वरिष्ठ चिकित्सक डा. दिग्बिजय कुमार ठाकुर द्वारा दम, सुगर (डाइविटिज), (प्रेसर, थाइरोइड) तथा छाती सम्बन्धी सम्पूर्ण समस्या, हृदय, मष्तिश्क (Brain), पेट सम्बन्धी सम्पूर्ण समस्या, जोर (गेठिया, बाथ) र नशा सम्बन्धी सम्पूर्ण उपचार ।
२. डा. राजेश साह द्वारा विभिन्न किसिमको शल्यक्रिया सेवा ।
३. डा. अभय मण्डल, डा. अनिल कुमार साह, द्वारा बालरोग उपचार सेवा ।
४. डा. स्वाति ज्यसवाल, डा. बीरेन्द्र भगत, डा.सज्जन कुमार शर्मा द्वारा प्रसुतीरोग सम्बन्धी सम्पूर्ण जाँच ।
५. डा. कुन्दन मिश्रा द्वारा दाँत तथा मुख रोग सम्बन्धी सम्पूर्ण उपचार सेवा ।
६. हार्ड तथा जोर्नी रोग सम्बन्धी सम्पूर्ण जाँचहरु । ७. आँखा सम्बन्धी सम्पूर्ण उपचार सेवा ।
८. ECG (मुटु रोगीको लागि), PFT (छाती रोगी, दम रोगीहरुको लागि), सुगर, पिसाब र बल्ड सम्बन्धी अन्य जाँचहरु । ९. नि:शुल्क प्रयाप्त औषधी पनि वितरण गरिनेछ ।

सम्पर्क व्यक्ति
अशोक कुमार मण्डल Mob.:9866324295/9812053192
राम जिबन मण्डल Mob.:9864043939
सुरेन्द्र यादव Mob.:9800842888

मिति: २०७५ पुस १ र २ गते शुक्रवार र शनिवार
स्थान: कमला नगरपालिका वडा नं. १, टोल मंगराहा
श्री जनता माध्यमिक विद्यालय मंगराहा ईश्वरवाडा

आयोजक
-मेदनता रिसर्च क्लिनिक प्रा.लि.
जनकपुरधाम, अस्पताल रोड
Mob.:9817810790 (Roshan)
-साना किसान सहकारी संस्था लि.
सहयोगी:- कमला युवा सञ्जाल
मिडिया पार्टनर :- मधेशदृष्टि राष्ट्रि दैनिक पत्रिका
जनकनन्दनी एफ.एम. ९५.५ मेगाहर्ज


डा. दिग्बिजय कु. ठाकुर

भावपूर्ण श्रद्धाञ्जली



स्व. श्री नरेश सर्राफज्यू

विभिन्न स्थानीय र राष्ट्रिय स्तरका सञ्चारसंस्थामा कार्यरत वीरगञ्जका युवा पत्रकार, एवम् नेपाल पत्रकार महासंघ पर्सा शाखाका सदस्य श्री नरेश सर्राफज्यूको मिति २०७९ मंसिर १५ गतेका दिन अल्पायूमै असमायिक निधन भएको ले मर्माहित बनाएको छ। दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

साथै यस दु:खद् घडीमा शोक सन्तप्त परिवारजनलाई धैर्य धारण गर्न सक्ने शक्ति प्रदान गर्न गहवामाईसँग प्रार्थना गर्दै हार्दिक संवेदना पनि प्रकट गर्दछु ।

इम्तियाज आलम
उपप्रमुख
वीरगंज महानगरपालिका

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल